# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षामा लगाएको लगानीबाट उपलब्धि हासिल गर्न धेरै समय लाग्छ । लगानी अनुसार उपलब्धि हासिल गर्ने कार्यक्रम शुरु हुनु भन्दा अगाडि र शुरु भएपछि अन्तिम चरणसम्म यसको अनुगमन तथा मूल्यांकन हुनु नितान्त आवश्यक छ । कुनै पनि कार्यक्रम संचालन पूर्व गरिएको परीक्षा वा मूल्यांकनबाट कार्यक्रम संचालनका लागि मार्गनिर्देशन गर्दछ भने कार्यक्रम संचालित अवस्था र समाप्तिमा लिएको/गरेको मूल्यांकनबाट कार्यक्रमको उद्देश्य प्राप्तिस्तर पत्ता लगाउन सकिन्छ । शिक्षामा विद्यार्थी, शिक्षक, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणविधि, शिक्षण सामग्री, शिक्षण क्रियाकलाप विषयवस्तु तथा समाजको मूल्यांकन गर्न सकिन्छ । जसले समग्र पक्षहरुको सहि मार्ग चित्रण गरी कमीकमजोरी हटाइ कार्यक्रमहरु सफल पार्न मद्दत पुग्दछ । विद्यार्थी मूल्यांकन कार्यलाई प्राथमिक र द्वितीय गरी दुई भागमा बाड्न सकिन्छ । प्राथमिक कार्य अन्तर्गत विद्यार्थी प्रमुख हुन्छ, मूल्यांकनबाट उनीहरुको सिकाइमा आइपरेका समस्याहरुको निदान, सुधार र प्रमाणिकरण भई पृष्ठपोषण प्राप्त हुन्छ । विद्यार्थी मूल्यांकनको द्वितीय कार्य शिक्षक तथा विद्यार्थीसँग बढी सम्बन्धित हुन्छ । यसले विद्यार्थीहरुलाई उत्तरदायी, सिकाइमा प्रेरणा प्राप्ति र अनुसासित बनाउने गर्दछ (Shaw, Ian and F. Jennifer, 2006) ।

परीक्षणको विकासक्रमलाई केलाएर हेर्दा यसको प्रारम्भिक कार्य आजभन्दा चार हजार वर्ष पहिले चीनमा भएको पाईन्छ भने यसको अत्याधिक विकास र विस्तार बिसौं शताब्दीमा अमेरिकाबाट भएको पाइन्छ । चीनमा त्यसबेला प्रत्येक ३-३ वर्षमा प्रशासनिक सेवामा काम गर्ने कर्मचारीको मौखिक परीक्षा गरिने र यहि परीक्षाको आधारमा मूल्यांकन र पदोन्नती गरिने व्यवस्था थियो । हान साम्राज्य (इ.पु. २०७ देखि इ.सं. २२०) मा समूह परीक्षा एक प्रचलित परीक्षा विधि थियो । मिङ्ग साम्राज्य (१३६८-१६४४) मा प्रशासनिक सेवा छनौटको लागि स्थानीय, क्षेत्रीय र केन्द्रीय तह गरी तीन तहमा विशेष रुपमा निर्माण गरिएको परीक्षा केन्द्र मार्फत परीक्षा लिने व्यवस्था थियो । यूरोपिय महादेशमा सर्वप्रथम East India company ले १०३२ मा बाह्य सेनाका लागि कर्मचारी छनौट गर्ने परीक्षणलाई छनौट गरियो । संयुक्त राज्य अमेरिकाले इ.सं. १८५५ देखि आन्तरिकि सेवाको कर्मचारी

छनौटमा पनि परीक्षणलाई प्रयोग गऱ्यो । संयुक्त राज्य अमेरिकाको प्रशासनिक सेवा आयोगले सर्वप्रथम इ.सं. १८८३ मा कर्मचरारी छनौट गर्न परीक्षणलाई प्रयोग गरेदेखि युरोप र अमेरिकामा परीक्षणको विकासक्रम थालनी भयो । इ.सं. १८५९ मा Charles Drawin को विकासवादको सिद्धान्तको विकास जसमा व्यक्तिगत अन्तरलाई व्यक्तिको वातावरणसँगको समायोजनशीलताको क्षमतासँग सम्बन्धित गरेर मापन गर्ने एक निश्चित आधार प्रदान गरिएको छ । यस बेला देखि नै मनोवैज्ञानिक परीक्षणको शुरुवात भएको मानिन्छ । Sir Francis Geltton ले आफ्नो पुस्तक Hereditary Genus (१८६९ इ.सं.) द्वारा व्यक्तिमा पाइने व्यक्तिगत अन्तरको कारणको रुपमा उसका केहि विशेषताहरु जस्तै प्रतिक्रिया समय दृष्टि सुदृढता र शारीरिक शक्ति रहेको तर्क प्रस्तुत गरे । इ.सं. १९०५ मा Alferel Dinet र T. Simon ले Binet Simon Scale को निर्माण गरेर व्यक्तिको परीक्षण गरेर मानसिक परीक्षणको पहिलो आधुनिक परीक्षण गर्ने व्यक्तिको रुपमा चिनिन्छन् । पहिलो विश्वयुद्धमा सैनिक छनौट गर्न अमेरिकी मनोवैज्ञानिक अध्यक्ष Rebort Yerk को समितिले इ.सं. १९१२ मा Army Alpha test/Army Beta test को साक्षरको लागि र Beta test निरीक्षरको लागि तयार गरेको थियो (Nunnally, 1978) ।

कुनै विशेष विषय वा विषयहरुको समुहमा विद्यार्थीले प्राप्त गरेको शैक्षिक उपलब्धि अर्थात ज्ञान बोध अथवा सीपलाई मापन गर्न तयार गरेका परीक्षणलाई उपलब्धि परीक्षण भनिन्छ । यसले कुनै विशेष विषयवस्तुहरुमा छुट्टाछुट्टै उपलब्धि परीक्षण गर्दछ अथवा सम्पूर्ण विषयवस्तुहरुको सामुहिक परीक्षण पनि गर्दछ । यसरी उपलब्धि परीक्षणलाई विद्यार्थीले विद्यालय कार्यक्रम अन्तर्गत पाएको शैक्षिक अनुभवहरुको परीक्षण पनि भन्न सकिन्छ । प्रमाणिक शैक्षिक उपलब्धि परीक्षणहरुले शैक्षिक उपलब्धिलाई, ज्ञानबोध, सीपको रुपमा परीक्षण गर्ने भएता पनि वर्तमान शैक्षिक उपलब्धि परीक्षणहरु विषयवस्तुको अन्य शैक्षिक प्रभावहरु जस्तैः प्रवृत्ति, योग्य, रुचि, समस्या समाधान गर्ने क्षमता, विषयवस्तुको निष्कर्ष निकालेर सामान्यकरण विकास गर्ने क्षमता आदि । उपलब्धि परीक्षणलाई बुद्धिमतामा भएको असरलाई नजाँची आशातित असर मात्र जाँच्दछ । यो शिक्षाको अभिन्न अंगको रुपमा छ जसले विद्यालयबाट विद्यार्थीमा शिक्षा सम्बन्धी परिवर्तनको परीक्षण गर्ने गर्दछ । Freeman (1965) का अनुसार "शैक्षिक उपलब्धि मापन भन्नाले कुनै पनि विषय वा विषयको समूहबाट प्राप्त गरेका ज्ञान, धारणा र सीपको मापन भन्ने बुझिन्छ ।" कक्षा परीक्षण, शिक्षक निर्मित्त परीक्षण र प्रमाणिक उपलब्धि परीक्षणका प्रमुख साधनका रुपमा लिइन्छ ।

विषयगत र कक्षागत रुपमा साथै सैद्धान्तिक र व्यवहारिक रुपमा कुनै पनि विद्यार्थीको कस्तो शैक्षिक उपलब्धि भएको छ भन्ने लेखाजोखा र विश्लेषणद्वारा नै समग्र शैक्षिक उपलब्धि र विद्यार्थीको मूल्यांकन गर्न सकिन्छ (Freeman, 1965) ।

विद्यार्थीको शिक्षणकार्य लगायत अन्य अतिरिक्त क्रियाकलापमा संलग्न भए नभएको, संलग्न भए के कति प्रगति गरेको छ, निरन्तर मूल्यांकन गर्नु पर्दछ । शिक्षामा भैरहेको शैक्षिक त्रुटि विभिन्न कारणले हुन सक्छ । उसले पाठ्यक्रमले निर्धारण गरेको लक्ष्य हासिल नगर्न सक्दछ । उसलाई सिकाईमा विभिन्न समस्याहरु पर्न सक्दछन् । ती समस्याहरु समाधान गर्न निरन्तर मूल्यांकनद्वारा समस्याको पहिचान गरी सुधारका प्रक्रिया अपनाउनु पर्दछ (ज.व.रा., श्रेष्ठ र रञ्जितकार, २०५८) ।

मूल्यांकन शैक्षिक कार्यक्रम वा शिक्षण सिकाई प्रक्रियाको अभिन्न अंग हो । मूल्यांकन बिना शैक्षिक कार्यक्रम वा शिक्षण सिकाई प्रक्रियाको सुधार एवं विकास सम्भव हुँदैन भने त्यसको प्रभावकारिता, स्तरयुक्तता र सान्दर्भिकताको लेखाजोखा सम्भव हुँदैन । मूल्यांकनबाट नै शैक्षिक कार्यक्रम वा शिक्षण सिकाई प्रक्रियाका बारेमा विभिन्न निर्णयहरु जस्तैः सुधारात्मक, निर्णयात्मक, निदानात्मक कार्य गर्न सकिन्छ । शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीहरुको प्रवेश व्यवहार हेर्न सान्दर्भिक उद्देश्यहरुको निर्माण गर्न उपयुक्त शिक्षण विधि र सामग्री छनौटद्वारा शिक्षण सिकाइ कार्य प्रारम्भ गर्न, सिकाइ प्रगतिको पर्यवेक्षण र नियन्त्रण गर्न सिकाई कठिनाई थाहा पाउन, अपेक्षित उपलब्धिको लेखाजोखा गर्न, वैयक्तिक शिक्षण गर्न, परीक्षा सम्बन्धी योजना बनाउन, निरन्तर पृष्ठपोषण लिनदिन, सिकाइ उत्प्रेरणा जगाउन, शिक्षण सिकाईमा सुधार गर्न, विद्यार्थीको स्तर निर्धारण निकाय (जस्तैः अभिभावक, व्यवस्थापक समेत आदिमा प्रतिवेदन दिन समेत मूल्यांकनको आवश्यकता छ । यसरी नै शैक्षिक कार्यक्रमका सन्दर्भ, लगानी, प्रक्रिया र उत्पादन क्षेत्रको प्रभावकारिताको लेखाजोखा गरी शैक्षिक कार्यक्रममा सुधार एवं विकास गर्न, स्तरयुक्तता, सान्दर्भिकता र आवश्यकता निर्धारण गर्न मूल्यांकनको आवश्यकता पर्दछ (पराजुली, २०६४) ।

कुनै पनि विषय वा विषयहरुको समुहमा विद्यार्थीहरुले प्राप्त गरेका शैक्षिक उपलब्धि अर्थात ज्ञान, सीप तथा धारणा मापन गर्न तयार गरिएको परीक्षणलाई उपलब्धि परीक्षण भनिन्छ । प्रायःजसो प्रमाणिक शैक्षिक उपलब्धि परीक्षणहरुले शैक्षिक उपलब्धिलाई ज्ञान, बोध, सीपको रुपमा परीक्षण गर्ने भएता पनि वर्तमान शैक्षिक उपलब्धि परीक्षणहरु

विषयवस्तुको अन्य शैक्षिक प्रभावहरु जस्तैः प्रवृत्ति, योग्यता, रुचि, समस्या समाधान गर्ने क्षमता, विषयवस्तुद्वारा प्राप्त धारणालाई समस्या समाधानको लागि प्रयोग गर्न सक्ने क्षमता आदिलाई मापन गर्न निर्माण गरिएको छ । यसरी वर्तमान उपलब्धि परीक्षणको क्षेत्र व्यापक भैसकेको छ (ज.व.रा., श्रेष्ठ र रंञ्जितकार, २०५८) ।

विश्वका धेरै मुलुकमा माध्यमिक विद्यालय कक्षा ११ र १२ कक्षामा संचालित भएपनि नेपालमा २०४६ सालको उच्च माध्यमिक शिक्षा ऐन अन्तर्गत १०+२ पद्धति लागु गर्ने उद्देश्यले उच्च माध्यमिक शिक्षा परिषद्को स्थापना हुनपुग्यो । २०४७ सालमा प्रजातन्त्रको पुनःस्थापना पछि तत्कालिन प्रजातान्त्रिक शिक्षामा गुणात्मक सुधार ल्याउने उद्देश्यले २०४९ मा राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । २०५६/५७ सम्म नेपालभर ७३ जिल्लामा ६८० उच्च मा.वि. अस्थायी सम्बन्धन प्राप्त गरिसकेका छन् । उच्च माध्यमिक शिक्षाको सम्बन्धमा उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले निम्मन व्यवस्था गरेको छ (उ.मा.वि. सम्प्रेषण, २०६४) ।

उच्च मा.वि., उच्च शिक्षा र माध्यमिक शिक्षाका बीचको पूर्वाधारका रुपमा रहेको छ । १७, १८ वर्ष उमेरका किशोरकिशोरीहरुको शिक्षालाई विद्यालयकै संरचनाभित्र शिक्षालाई १०+२ का रुपमा स्वीकार गरिएको हो । यस किसिमको शिक्षाले मध्यमस्तरीय जनशक्ति तयार गर्ने र उच्च शिक्षाका लागि सक्षम विद्यार्थी तयार गर्ने रहेको छ । जनशक्ति विकासमा निकै मद्दत पुऱ्याउने ठानिएको छ । यस उच्च मा.वि. शिक्षाको कार्यान्वयन २०४९ साल देखि सुरु भयो ।

हाल उच्च माध्यमिक शिक्षालाई व्यापक र प्रभावकारी रुपले संचालन गर्ने कार्यमा विभिन्न प्रयासहरु भइरहेका छन् । उच्च मा.वि. परिषद्ले यस तहको पाठ्यक्रम बनाउने, परिमार्जन गर्ने, उच्च मा.वि. खोल्न अनुमति दिने र परीक्षा लिने कार्यमा केन्द्रित भएको देखिन्छ । सन् १९९३ मा त्रिभुवन विश्वविद्यालय र शिक्षा मन्त्रालयको सम्झौतामा उच्च माध्यमिक शिक्षाबाट एकल पथ प्रणाली अनुरुप एउटै किसिमका पाठ्यक्रम लागु भएको देखिन्छ ।

१०+२ को पाठ्यक्रममा विषय छनौटका लागि निम्न लिखित ६ समूह निर्माण गरेको छ । जसमा समूह I भने अनिवार्य छ ।

I - अनिवार्य अंग्रेजी- २००, नेपाली -१००

II - भाषा समूह ‘क’

III- व्यवसायिक समूह ‘ख’

IV - मानविकी र सामाजिक विज्ञान ‘ग’

V - कार्यात्मक व्यवसायिक समूह ‘घ’

VI - प्रकृति विज्ञान ‘ङ’

VII - शिक्षा समूह ‘च’

यसमा अनिवार्य विषय, इच्छाधिन प्रथम, द्वितीय र तृतीय विषयहरु एवं इच्छाधिन चतुर्थ विषय व्यवस्था गरेको छ । कक्षा ११ मा ५०० र कक्षा १२ मा ५०० गरी जम्मा १००० पूर्णाङ्कमा, अंग्रेजी २०० अंकभार, नेपाली १०० अंकभार, इच्छाधिन विषयहरु ७०० को व्यवस्था छ । अनिवार्य विषय बाहेक कक्षा ११ मा ४३ विषय र कक्षा १२ मा ५३ विषयको व्यवस्था गरिएिको छ । ६ समूहमध्ये कुनै १ समूहबाट १ विषयका साथ ३ विषय लिनुपर्ने व्यवस्था गरिएको छ ।

उच्च माध्यमिक शिक्षाको निर्धारित पाठ्यक्रमको आधारमा वार्षिक परीक्षाको व्यवस्था गरिएको छ । प्रायः शैक्षिक वर्षको अन्त्यमा उक्त परीक्षाहरु संचालनमा छन् । यहाँ मौका परीक्षाको समेत व्यवस्था छ । हालसम्म परीक्षा नियमित रुपमा चल्नु, समयमा नतिजा प्रकाशित गर्नु, उच्च माध्यमकि शिक्षाको सराहनीय पक्ष हो । यहाँ विभिन्न स्तर सुधार गर्न परीक्षाहरु एक वर्षमा ३ पटकसम्म गर्नुपर्ने व्यवस्था गरिएको छ (ज.व.रा., श्रेष्ठ र रञ्जितकार, २०५८) ।

### १.१.१ अध्ययन क्षेत्रको परिचय

बझाङ्ग जिल्ला नेपालको सुदूरपश्चिमाञ्चल क्षेत्र अन्तर्गत सेती अञ्चलमा पर्ने हिमाली जिल्ला हो । यस जिल्लाको पूर्वमा बाजुरा र हुम्ला, पश्चिममा बैतडी र दार्चुला, उत्तरमा हुम्ला र तिब्बत र दक्षिणमा डोटी र अछाम जिल्लाहरु पर्दछन् । प्रशासनिक तथा राजनैतिक रुपमा २ वटा निर्वाचन क्षेत्र, ११ वटा ईलाका र ४७ वटा गा.वि.स. मा विभाजन गरिएको छ । यो जिल्ला पृथ्वीको २९°२९ उत्तर र ३७°९ उत्तर आक्षांश ८०°४६ पूर्व र ८१°३४ पूर्वी देशान्तर बीचमा अवस्थित १३९६ वर्ग कि.मी. क्षेत्रफलमा रहेको छ । यो

जिल्ला समुन्द्री सतहदेखि उचाई ३००० फिट (देउरा) देखि २३,००० फिट (साइपाल हिमाल) रहेको छ ।

यस जिल्लाको जनसंख्या वि.सं. २०५८ सालको जनगणना अनुसार १,६७,०२६ रहेको छ । जसमा ८६,३५० महिला र ८०६७६ पुरुष रहेको छ । ४६.४८ प्रतिशत साक्षरता, ४५ जना जनघनत्व प्रति वर्ग कि.मी. र औसत परिवार संख्या ५-८ जना रहेको छ । मुख्य जातजातिहरुमा क्षेत्री, ब्राम्हण दलित जातजातिहरु छन् । धान, गहुँ, मकै, कोदो, आलु यहाँको मुख्य बाली हो भने मुख्य पेशा कृषि र व्यापार हो ।

यस जिल्लाको शैक्षिक स्थिति हेर्दा ६ वटा क्याम्पस, ३४ वटा उ.मा.वि., २४ वटा मा.वि., ५५ वटा नि.मा.वि., २६७ प्रा.वि. २० वटा कोष प्रा.वि. ९ वटा बोर्डिङ्ग स्कुलहरु रहेका छन् ।

अनुसन्धानकर्ताको अध्ययन क्षेत्र नं. २ अन्तर्गत इलाका नं. १० र ११ मा पर्ने उ.मा.वि. हरु रहेका छन् । यसमा खिरातडी गा.वि.स.मा पर्ने सरस्वती उ.मा.वि., देउलीकोट गा.वि.स. मा पर्ने केदार उ.मा.वि., सुनकुडा गा.वि.स.मा पर्ने सुनकुडा उ.मा.वि. र कपलसेरी गा.वि.स.मा पर्ने महादेव उ.मा.वि. रहेका छन् । यिनै उ.मा.वि. हरुलाई आधार बनाई अध्ययन क्षेत्रको छनोट गरिएको थियो ।

## १.२ समस्याको कथन

अन्य क्षेत्रमा झै शैक्षिक क्षेत्रमा पनि मूल्यांकनको महत्वपूर्ण भूमिका निभाएको पाइन्छ । समग्र शैक्षिक नीति, योजना, पाठ्यक्रम निर्माण प्रक्रियामा समेत मूल्यांकन अपरिहार्य छ । शैक्षिक क्षेत्रमा रहेका प्रत्येक तत्वहरु शिक्षक, विद्यार्थी, पाठ्यक्रम, पाठ्यपुस्तक, विषयवस्तु आदि सबैको मूल्यांकन विना शैक्षिक योजना अधुरो रहन्छ ।

शिक्षा विषयलाई माध्यमिक तहमा ऐच्छिक विषयको रुपमा रहेता पनि वास्तविक शिक्षण सम्बन्धी विभिन्न ज्ञान, सीप र धारणा दिने भनेको शिक्षाशास्त्र अन्तर्गतका उच्च शिक्षाबाट नै प्राप्त हुन्छ । आजभोली +२ को बढी चलनचल्ती भएकोले कक्षा १२ मा शिक्षण सम्बन्धी मूल्यांकन गर्नुको निमित्त ५० अंकको शैक्षणिक मूल्यांकन विषय रहेको छ । एउटा कुशल शिक्षक बन्नको निमित्त शैक्षणिक मूल्यांकनको ज्ञान हुनु अपरिहार्य देखिन्छ । शैक्षणिक मूल्यांकनको ज्ञान नभएमा शिक्षण प्रभावकारी हुनमा त्यति उपयुक्त मानिँदैन ।

कुनै पनि कुराको मूल्यांकन विना त्यसको स्तर गुण दोष, सबल र दुर्वल पक्ष केलाउन सकिँदैन । विद्यालय शिक्षासँगै उच्च मा.वि.को अवधारणा विश्वमा बढ्दै गएको सन्दर्भमा नेपालमा पनि यसको अवधारणा विकास तथा विस्तार भई संचालनमा ल्याउनु आवश्यक छ । संचालनमा लयाउनु मात्र प्रमुखता नभई यसका उपलब्धि स्तर के कस्तो छ, समस्याहरु के कस्ता छन् आदिको मूल्यांकन भनि हुन आवश्यक छ । उच्च मा.वि. को शैक्षिक उपलब्धि समग्रमा राम्रो देखिएता पनि यसलाई अझ कसरी बढी उपलब्धिमूलक बनाइ यसका कठिनाइहरु पत्ता लगाई समाधान तर्फ अघि बढ्ने कुरालाई आत्मासाथ गर्नु पर्दछ । शैक्षणिक मूल्यांकन विषयको शैक्षिक उपलब्धिस्तर कस्तो छ ? उपलब्धि परीक्षणका समस्याहरु के के हुन् ? शैक्षणिक मूल्यांकन विषय अध्ययन गर्ने विद्यार्थीहरुको आफ्नो दैनिक जीवनमा के कस्तो सुधार भएको छ ? आदि प्रश्नलाई आधार बनाइ बझाङ्ग जिल्लाको खिराडी गा.वि.स. र सुनकुडा गा.वि.स.लाई अध्ययन स्थल बनाएर शैक्षणिक मूल्यांकन विषयको उपलब्धिस्तर कठिनाई पत्ता लगाउने प्रयास गरिएको छ ।

यस अनुसन्धान प्रस्तावनामा अनुसन्धानकर्ताद्वारा निम्न लिखित प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. उच्च माध्यमिक तहमा शैक्षणिक मूल्यांकन विषयको उपलब्धिस्तर कस्तो छ ?
२. विद्यार्थीहरुका शैक्षणिक मूल्यांकन विषयप्रतिको अवधारणा के के छन् ?
३. शैक्षणिक मूल्यांकन विषयको शैक्षिक उपलब्धि परीक्षणमा देखिएका समस्याहरु के के हुन् ?
४. ती समस्या समाधानका उपायहरु के के हुन् ?
५. शैक्षणिक मूल्यांकन विषयको शैक्षिक उपलब्धि परीक्षण गर्न विद्यालयले के कस्तो साधनहरुको प्रयोग गरेका छन् ?
६. शैक्षणिक मूल्यांकन विषय शिक्षण गर्ने शिक्षकले शिक्षाशास्त्रबाट विशिष्टकरण गरेको छ कि छैन ?

## १.३ अध्ययनको महत्व

नेपाल अधिराज्यमा ११९७ भन्दा पनि बढी उच्च माध्यमिक विद्यालयहरु संचालित छन् । यसरी संचालित उ.मा.वि. हरु शहरी तथा सुगम क्षेत्रमा केन्द्रित भएपनि ग्रामीण तथा विकट स्थानहरुमा समेत उच्च माध्यमिक विद्यालयहरु संचालित छन् र ती उ.मा.वि.हरु ७५

प्रतिशत भन्दा बढी शिक्षाशास्त्र संकाय अन्तर्गत नै हुने गरेका छन् । शिक्षाशास्त्र तर्फको कक्षा १२ को शैक्षणिक मूल्यांकनलाई एउटा शैक्षणिक पाठ्यांश भनिन्छ । यस धारमा अध्ययन गर्ने विद्यार्थीहरु भविष्यमा गएर एउटा असल शिक्षक बन्ने बढी सम्भावना रहन्छ तर अन्य क्षेत्रमा पनि प्रवेश गर्न सक्दछन् । शिक्षण पेशा एउटा प्राविधिक पेशा मानिन्छ । यसको लागि उचित शिक्षण सीप र शिक्षण रणनीतिहरुको आवश्यकता पर्दछ । यस्तो सीप तथा कलाको विषय गराउन शैक्षणिक मूल्यांकनको उल्लेखनीय भूमिका खेल्न सक्दछ (उ.मा.वि. सम्प्रेषण, २०६४) ।

एउटा सफल शिक्षकले जहिले पनि विद्यार्थीको रुचि, क्षमता र पूर्वज्ञानलाई मध्यनजर राखी अध्ययन गराउनु पर्दछ । अध्यापन गर्ने क्रममा आवश्यकता अनुसार विविध शैक्षिक सामग्री र शिक्षण विधिको प्रयोग गरेर मात्र विषय वस्तुको उद्देश्य पुरा हुन सक्छ । शैक्षणिक मूल्यांकन विषय शिक्षक र विद्यार्थीको लागि जीवन उपयोगी र शिक्षासम्बन्धमा आधारित विषय भएकोले शिक्षण गर्दा शिक्षकले विद्यार्थीलाई क्रियाशील तथा सक्रिय पार्नु नितान्त आवश्यक छ । यस शैक्षणिक मूल्यांकन विषयको उपलब्धि र कठिनाइ सम्बन्धी अध्ययनबाट अन्य विषयको उपलब्धिस्तर र समस्याहरुको पहिचान गरी समस्याहरु हल गर्न समेत मद्दत पुग्दछ । यस तहमा अध्यापन गरिने विषयवस्तुहरुको उपलब्धिहरु बीच तुलना गरी कमि कमजोरी हटाउन सकिन्छ । यस शैक्षणिक मूल्यांकन विषयमा विद्यार्थीहरुको (उ.मा.वि. तह) उपलब्धिस्तर, शिक्षण अवस्था, विद्यार्थीको धारणा बारे अध्ययनका क्रममा खोजिने छ । यस अध्ययनबाट कुनै पनि व्यक्ति, संघ संस्थाले उच्च माध्यमिक विषयको जानकारी लिन चाहेमा यो अध्ययनले महत्वपूर्ण र व्यवहारिक कुराको अपेक्षा गरिएको छ ।

शिक्षण सिकाइ क्रियाकलापमा शैक्षणिक मूल्यांकनको महत्व निकै रहन गएको छ । यसमा सम्पूर्ण शिक्षण क्रियाकलापको मूल्यांकन गरी शैक्षणिक क्रियाकलाप सुधार गर्न यसको महत्व रहेको छ । शैक्षणिक मूल्यांकन अन्तर्गत पाठ्यक्रम निर्माण देखि मूल्यांकनका साधनहरु, संचालन गर्ने उपायहरु, अंकन र विश्लेषण गर्ने तरिकाहरु यसका विशेषताहरु र विभिन्न तहमा मूल्यांकनको प्रक्रिया सम्बन्धी सम्पूर्ण कुराहरुको मूल्यांकन गर्दछ । शिक्षामा मूल्यांकन र शिक्षण, सुधार गर्न पनि सकिँदैन । यसकारण शिक्षण सम्बन्धी हरेक कुरामा शैक्षणिक मूल्यांकनको महत्वपूर्ण देनरहने भएकोले यस विषयको अध्ययन अनुसन्धानले शिक्षणमा थप टेवा पुऱ्याउनको निमित्त महत्वपूर्ण भूमिका खेल्नेछ । हरेक मूल्यांकन कार्यमा यस अध्ययनले सहयोग गर्नेछ भन्ने आशा गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनको मुख्य उद्देश्य उच्च माध्यमिक विद्यालय तहमा शैक्षणिक मूल्यांकन विषयमा शैक्षिक उपलब्धिस्तर र समस्या पत्ता लगाई ती समस्याका समाधानका उपायहरु खोजी गर्नु रहेको थियो । यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार थिए :

१. उच्च मा.वि. तहमा शैक्षणिक मूल्यांकन विषयको विद्यार्थी उपलब्धि स्तर पत्ता लगाउनु,

२. यस विषयमा शैक्षिक उपलब्धि बारे सरोकारवालाको धारणा पत्ता लगाउनु,

३. यस विषयको शैक्षिक उपलब्धि बढाउन गर्नुपर्ने प्रयासहरुको खोजी गर्नु ।

## १.५ अध्ययनका परिसीमाहरु

यस अध्ययनका लागि निम्नअनुसार सीमाहरु निर्धारण गरिएको थियो ।

१. यो अध्ययन उ.मा.वि. तह कक्षा १२ को शैक्षणिक मूल्यांकन विषयको शैक्षिक उपलब्धि परीक्षणसँग मात्र सम्बन्धित छ ।

२. अध्ययनमा अघिल्लो शैक्षिक सत्रका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको शैक्षणिक मूल्यांकन विषयको शैक्षिक उपलब्धिलाई आधार मानिएको छ ।

३. यो अध्ययन बझाङ्ग जिल्लाको क्षेत्र नं. २ मा पर्ने श्री सरस्वती उ.मा.वि., श्री सुनकुडा उ.मा.वि., केदार उच्च मा.वि. र श्री महादेव उ.मा.वि. गरी ४ वटा उ.मा.वि. लाई मात्र अध्ययन क्षेत्र मानिएको छ ।

४. छनौटमा परेका उ.मा.वि. बाट शैक्षणिक मूल्यांकन पढाउने शिक्षक र विद्यालयका प्राचार्यहरुलाई पनि समावेश गरिएको छ ।

५. नमुना छनौटमा परेका उ.मा.वि.को शैक्षणिक मूल्यांकन अध्यापन गर्ने शिक्षकको कक्षा १२ को कक्षा अवलोकन गरिएको छ ।

६. यस अध्ययनको लागि विद्यार्थी तथा अभिभावकलाई पनि समावेश गरिएको छ । जसमा विद्यार्थीहरु ४०, अभिभावक १२ जनालाई नमूना परिक्षणमा लिइएको छ ।

७. सम्भावनायुक्त नमूना विधिद्वारा छनौटमा परेका ४ वटा उ.मा.वि.हरुमध्ये प्रत्येक उ.मा.वि. हरु मध्येबाट ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा ४० जना छात्रछात्रा नमूना परीक्षणमा लिइएको छ ।

८. शैक्षिक वर्ष २०६६ मा उ.मा.वि. परीक्षा बोर्डले प्रकाशित नतिजालाई मात्र तुलनात्मक रुपमा अध्ययन गरिएको छ ।

# अध्याय दुई

# पूर्वसाहित्यको समीक्षा

## २.१ सैद्धान्तिक साहित्य

शैक्षिक उपलब्धि र समस्याहरु समाधानका उपायहरु सम्बन्धी विभिन्न विषय वा शीर्षकमा धेरै किसिमका अध्ययन अनुसन्धान कार्यहरु संचालन हुँदै आएको पाइन्छ । यस अध्ययन अन्तर्गत विभिन्न विषयमा र तहमा भएको उपलब्धि स्तरसँग सम्बन्धित निम्न लिखित अध्ययन सामग्रीहरुको समीक्षा गरिएको थियो ।

Salvia Yesseldyke (1978) का अनुसार उपलब्धि यस्तो साधन हो, जसको प्रयोग गरी समूह वा व्यक्तिलाई उचित श्रेणीकरण गर्न सकिन्छ । सामूहिक परीक्षण गर्दा कक्षाका सबै सदस्यहरुलाई एकै पटक समावेश गर्न सकिन्छ भने व्यक्तिगत उपलब्धि परीक्षण गर्दा चाहिँ एक परीक्षकको आवश्यकता पर्दछ तर सामुहिक रुपमा प्रयोग गरिने परीक्षाको साधनलाई नै व्यक्तिगत उपलब्धि परीक्षामा पनि प्रयोग भने गर्न सकिन्छ । प्रायःजसो उपलब्धि परीक्षणहरु पाठ्यक्रमको विषयवस्तुमा आधारित हुन्छन् । यस्तो उपलब्धि परीक्षणमा असफल हुनेलाई विषयवस्तुका बारेमा जानकारी नभएको मानिन्छ । धेरैजसो उपलब्धि परीक्षणहरुको मानाङ्क पूर्व निर्धारित हुन्छ । सामान्यतया मानाङ्क सम्बन्धी उपलब्धि परीक्षण नै बढी प्रचलनमा रहेका छन् । तर हालसालै आधार सम्बन्धी उपलब्धि परीक्षणहरुको पनि विकास भएको छ ।

Gibson/Mitchel (1981) ले सिकाइ उपलब्धि परीक्षणलाई निम्न कुराको मापनमा प्रयोग गर्न सकिने बताएका छन् : (१) सिकाईको परिमाण पत्ता लगाउनु (२) सिकाइको दर पत्ता लगाउनु, (३) एक आपसमा उपलब्धिको तुलना गर्नु (४) सिकाईको स्तर निर्धारण गर्नु र (५) विषयवस्तुको सबलता दुर्वलता पत्ता लगाउनु । विषयवस्तुको दक्षता कति छ भनि पहिचान गर्न विषयवस्तुसँग सम्बन्धित विभिन्न पक्षको मापन गर्न जरुरी छ । यस्ता मापनहरुलाई राम्रो ढाँचामा तयार गरी तिनीहरुमा विषय विशेषज्ञको परामर्श लिई प्रयोग गर्ने हो भने उपलब्धि परीक्षण स्तरीय हुन्छन् ।

विषयवस्तुको उपलब्धि परीक्षणको प्रयोग प्रथमतः विद्यार्थीसँग विषयवस्तु सम्बन्धी कति अनुभव छ भनी थाहा पाउने गरिन्छ । अर्को शब्दमा परीक्षणबाट उक्त विषयवस्तु सिकाइको लागि विद्यार्थीले के कस्तो अवसर प्राप्त गरेको छ भनी थाहा पाउने गरिन्छ । दोस्रो पाठनले विषय क्षेत्र समेटेको अवस्था र विषय सान्दर्भिकता पत्ता लगाउन परीक्षणले सहयोग गर्दछ र तेस्रो परीक्षण साधनका प्रश्नहरुको अवस्थाको विश्लेषण विद्यार्थीको नतिजाबाट पनि गर्न सकिन्छ ।

सेरिड (CERID) 1982 द्वारा Achievement study of primary school children शीर्षकमा सन् १९८२ मा प्रा.वि. तहका विद्यार्थीको उपलब्धि स्तरको अध्ययन गरिएको थियो । यस अध्यनयमा चार विकास क्षेत्रका १२ वटा जिल्ला जसमा पहाड, तराई र हिमाली प्रदेशलाई समेटी अध्ययन क्षेत्रको छनौट गरिएको थियो । अध्ययन क्षेत्रका ८ देखि १२ प्रतिशत नि.मा.वि. हरुको मात्र अध्ययन गरिएिको थियो । अनुसन्धानको क्रममा अनुसन्धान प्रतिनिधिको प्रत्यक्ष संलग्नतामा विद्यार्थीको परीक्षा लिएको थियो । परीक्षण साधनको निर्माण गर्दा पढाई लेखाई र अंक गणितलाई आधार बनाइएको थियो । यस अध्ययनले सबैभन्दा बढी साक्षरता (३०.२%) पुर्वाञ्चलको र सबैभन्दा कम साक्षरता (१२.१%), सुदूरपश्चिमाञ्चलको तथा मध्यमाञ्चल र पश्चिमाञ्चल साक्षरता क्रमशः १७.३ र १८.१ प्रतिशत रहेको निष्कर्ष निकालेको थियो ।

सेरिड (CERID) 1999 द्वारा Assessment of learning achievement of lower secondary children शीर्षकमा कक्षा ६ र ८ मा पढाइ हुने विषयमध्ये अंग्रेजी, गणित, नेपाली र विज्ञान आदि विषयहरुको उपलब्धि स्तर निर्धारण गर्नको लागि अध्ययन गरिएको थियो । यस अध्ययनमा ५ विकास क्षेत्र तथा ३ वटा भौगोलिक क्षेत्रलाई समेटेर १२ वटा जिल्लामा कक्षा ६ का ४३७७ र कक्षा ८ का ४१५० जना विद्यार्थी, ५१ वटा विद्यालय, ५१ जना प्र.अ. र २३१ जना विषय शिक्षकहरुलाई छनौट गरिएको थियो । यो अध्ययन निजी तथा सरकारी दुवै विद्यालयमा आधारित थियो । अनुसन्धानबाट कक्षा ६ को उपलब्धिस्तर सन्तोषजनक र कक्षा ८ मा भने नेपाली र अंग्रेजी विषयको उपलब्धिस्तर सन्तोषजनक तर गणित र विज्ञानमा न्यून भएको पाइयो साथै विद्यार्थीको उपलब्धिस्तर न्यून तथा उच्च हुनुमा विद्यार्थी, शिक्षक र अभिभावक सम्बन्धी तत्वले सकारात्मक र नकारात्मक प्रभाव पार्ने निष्कर्ष निकालिएको थियो ।

सेरिड (CERID), 2052 द्वारा माध्यमिक स्तरका विद्यार्थीहरुको गणितीय उपलब्धि एक अध्ययन गरिएको थियो । यस अध्ययन अनुसन्धानको मुख्य उद्देश्य काठमाडौं उपत्यकास्थित माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरुको गणितीय उपलब्धिको लेखाजोखा गर्नु र ती उपलधिध्हरुलाई प्रभाव पार्ने निर्णायक तत्वहरुको मूल्यांकन गर्नु थियो । २०५२ साल भाद्र/असोज महिनामा यस अध्ययन अनुसन्धानको लागि आवश्यक तथ्यांक संकलन गरिएको थियो । अध्ययन-अनुसन्धानमा काठमाडौं उपत्यकाका नगर र नगर बाहिर अवस्थित २४ वटा सार्वजनिक तथा निजी माध्यमिक विद्यालयहरुलाई संलग्न गराइएको थियो । अध्ययन अनुसन्धान सम्बन्धी आवश्यक तथ्यांक संकलन गर्न ६ थरिका सामग्रीहरु (गणित स्तरीय उपलब्धि परीक्षा, उपलब्धि मापदण्ड, शैक्षिक गुण मापदण्ड, विद्यालय सर्वेक्षण फाराम, शिक्षक प्रश्नावली र विद्यार्थी प्रश्नावल) को प्रयोग गरिएको थियो ।

यस अध्ययन अनुसन्धानमा कक्षा १० का विद्यार्थीहरुको गणितीय उपलब्धिको लेखाजोखा गरिएको थियो । प्रस्तुत उपलब्धिलाई करिब एक दशक अघिका माध्यमिक स्तरकै विद्यार्थीहरुको गणितीय उपलब्धिसँग तुलना गरिएको थियो । स्मरणीय छ त्यतिबेला पनि विद्यार्थीहरुको गणितीय उपलब्धि मापन गर्न वर्तमान अध्ययन अनुसन्धानका लागि प्रयोगमा ल्याइएको स्तरयुक्त उपलब्धि परीक्षालाई नै आधार बनाइएको थियो । उल्लेख्य कुरा के छ भने विगत दशक देखि देशको माध्यमिक विद्यालय स्तर (कक्षा १०) को गणितीय पाठ्यक्रममा एक रुपता थियो ।

काठमाडौं उपत्यकामा माध्यमिक विद्यालयका विद्यार्थीहरुको गणितीय उपलब्धिमा लिङ्ग भेद, स्थान भेद, र विद्यालय प्रकृतिभेद पाइएको थियो । सामान्यतया छात्राहरुको तुलनामा छात्रहरुले गणितीय उपलब्धि परीक्षामा उल्लेखनीय उपलब्धि हासिल गरेका थिए । त्यस्तै ग्रामीण क्षेत्रका विद्यार्थीभन्दा शहरी क्षेत्रका विद्यार्थीहरुको गणितीय उपलब्धि परीक्षामा उल्लेखनीय उपलब्धि हासिल गरेका थिए । यसै गरी निजी विद्यालयका विद्यार्थीहरुको गणितीय उपलब्धि सार्वजनिक विद्यालयका विद्यार्थीहरुको तुलनामा उल्लेखनीय थियो । यसरी गणितीय उपलब्धिमा लिङ्ग, स्थान र विद्यालय प्रकृति बीच दोहोरो र तेहोरो पारस्परिक अन्तरक्रिया रहेको देखियो । अक्सर सबै परस्परिक अन्तरक्रियाहरु अर्डिनल ९इचमष्लबþ किसिमका थिए । फलतः लिङ्ग, स्थान र विद्यालय प्रकृतिका गणितीय उपलब्धिमा देखिएको भेदसम्बन्धी नतिजालाई एक आपसमा विश्लेषण गर्न सकिने भयो । गणितीय उपलब्धि

सम्बन्धी यस पारस्परिक अन्तरक्रियाका नतिजामा निजी विद्यालयतर्फ भने एउटा महत्वपूर्ण अपवाद देखियो । त्यो के हो भने निजी विद्यालयका छात्रछात्राको अंक गणित विषयको उपलब्धिमा कुनै उल्लेखनीय भिन्नता देखिएन तर बीजगणितमा भने छात्राहरुले छात्रहरुलाई उछिने । रमाइलो के छे भने काठमाडौं उपत्यकाका विद्यार्थीहरुको गणितीय उपलब्धि सम्बन्धी नतिजा पश्चिमेली राष्ट्रका माध्यमिक विद्यालयको गणितीय उपलब्धिसँग मेल खान्छ ।


सेरिड, 2059 द्वारा प्राथमिक विद्यालयका विद्यार्थीहरुको उपलब्धिस्तर एक लघु अध्ययन अन्तर्गत सामाजिक विषयको उपलब्धिस्तर अध्ययन गरेको थियो । अध्ययनको लागि चाहिने आवश्यक तथ्यांक संकलन गर्न काठमाडौं उपत्यकाबाट ६ वटा सरकारी प्राथमिक विद्यालय र तीनवटा निजी प्राथमिक विद्यालयहरु छनौट गरिएका थिए । छनौट गरिएका ति विद्यालयहरुमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुमध्ये ५० प्रतिशत विद्यार्थीहरु त्यतिकै छानिएका थिए । सरकारी तथा निजी विद्यालयहरुबाट छानिएका यि विद्यार्थीहरुको उपलब्धिस्तर निर्धारण गर्नका लागि अध्ययनमा प्रयोग गरिएको सामाजिक शिक्षा विषयको प्रश्न पत्र यस अध्ययनमा प्रयोग गरिएको थियो । उक्त प्रश्नपत्रमा जम्मा ५० वटा वस्तुगत प्रश्नहरु थिए । ती प्रश्नहरु पाठ्यक्रमको सम्पूर्ण पक्षहरुबाट निर्माण गरिएका थिए । पाठ्यक्रममा उल्लेखित विभिन्न पक्षहरु (जस्तोः “आफु आफ्नो परिवार र छिमेकी”, “सामाजिक मूल्य मान्यता”, “नागरिक चेतना”, “सामाजिक सेवा”, “सामाजिक विकृति”, “भौगोलिक अध्ययन”, “राष्ट्रिय परम्परा”, “राष्ट्रिय सम्पत्तिको संरक्षण” र “अन्तर्राष्ट्रिय समाजवादी, शान्ति र सहयोग”) बाट क्रमशः ३, ६, २, ५, १४, ८, ४ र ८ वटा प्रश्न निर्माण गरिएको थियो । प्रत्येक प्रश्नमा एक अंक दिइएको थियो । अतः प्रश्नपत्र जम्मा ५० पूर्णाङ्कको थियो ।

UNESCO (2004) द्वारा नेपालमा S.L.C. परीक्षाको परिमाणलाई विद्यार्थीको उच्च शिक्षा प्राप्त गर्ने अवसरको आधार मानिने बताइएको छ । तथापि औपचारिक रुपमा विद्यालयको स्तर निर्धारण गर्ने तथा कुन विद्यालय सक्षम वा असक्षम हो भन्ने कुराको मूल्यांकनमा उक्त विद्यालयका विद्यार्थीको नतिजा नै आधार बन्छ । अभिभावकले आफ्नो नानीहरुलाई विद्यालयमा भर्ना गर्नु पूर्व यि कुराहरु माथि विचार गर्दछन् । विद्यालयले राष्ट्रिय तथा क्षेत्रीय स्तरमा आफ्नो स्थान कसरी उच्च बनाउन सकिन्छ त्यसका लागि विद्यार्थीले

नतिजामा कसरी सुधार गर्न सकिन्छ भनी सधैं चिन्तन गरिरहन्छन् । जुन विद्यालयले S.L.C. परीक्षामा क्षेत्रीय वा राष्ट्रिय स्तरमा उत्कृष्ट स्थान प्राप्त गर्न सफल हुन्छन् । त्यस्ता विद्यालयहरुलाई सरकारद्वारा थप आर्थिक अनुदान, शील्ड तथा सम्मानपत्रद्वारा सम्मान गरिन्छ । यसरी आफ्नो स्थान उच्च राख्न विद्यालयहरुबीच प्रतिस्पर्धा चल्ने गर्दछ । राष्ट्रिय स्तरमा संचालन हुने यो S.L.C. परीक्षाका कतिपय बेफाइदाहरु पनि छन् त्यस्ता बेफाइदाहरुमा परीक्षाप्रति सबैको अनावश्यक ध्यान केन्द्रित हुनु, S.L.C. जागिर प्राप्तिको आधार मान्नु र सामाजिक प्रतिष्ठाको आधार मान्नु आदि हुन् । यस्ता कारणले शिक्षण सिकाइ कार्य व्यवहारिक हुनुको सट्टा केवल परीक्षा केन्द्रित मात्र हुने गर्दछन् । परीक्षा संचालन गर्दा विद्यार्थीको सबै क्षमताको मापन गर्ने नभई बोध क्षमतामा मात्र प्रश्न निर्माण गरिएको पाइन्छ ।

## २.२ अवधारणात्मक ढाँचा

यस शोधपत्र तयार गर्नको निमित्त सम्बन्धित सीप, शोध शीर्षकलाई आधार मानी यहाँ एउटा अवधारणात्मक ढाँचा तयार पारिएको छ। जुन यसप्रकार थियो :



# अध्याय तीन

# अनुसन्धान पद्धति

यो अध्ययनको अनुसन्धान कार्यमा निम्नानुसारको अनुसन्धान ढाँचा, जनसंख्या, नमुना छनौट प्रक्रिया र अनुसन्धानका साधनहरु प्रयोग गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यलाई सफल बनाउन निम्न अनुसारको अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो ।

| क्र.सं. | अध्ययनको उद्देश्य | सुचनाको स्रोत | साधनको प्रयोग |
|---|---|---|---|
| १ | उच्च मा.वि. तहमा शैक्षणिक मूल्यांकन विषयको अध्ययन गर्ने विद्यार्थीको उपलब्धिस्तर पत्ता लगाउन | प्राचार्य, विषय शिक्षक, विद्यार्थी, अभिभावकहरु, कक्षा अवलोकन र विद्यालयको अन्य पक्षहरु | प्रश्नावली, कक्षा अवलोकन फाराम, अन्तर्वार्ता निर्देशिका |
| २ | विद्यार्थीको अवधारणा पत्ता लगाउनु | विद्यार्थीहरु | प्रश्नावली अन्तर्वार्ता निर्देशिका |
| ३ | विद्यार्थीहरुको शैक्षिक उपलब्धिसँग सम्बन्धित समस्याहरु पत्ता लगाउनु | प्राचार्य, शिक्षक, विद्यार्थी | प्रश्नावली, कक्षा अवलोकन |
| ४ | शैक्षिक उपलब्धिमा देखिएका समस्याहरुको समाधानका उपायहरुको खोजी गर्नु | प्राचार्य, शिक्षक, विद्यार्थी | अन्तर्वार्ता |

अध्ययनमा प्राप्त तथ्यांकलाई गुणात्मक तथा परिमाणात्मक दुवै अनुसन्धान विधिको प्रयोग गरी व्याख्या गरिएको छ । विद्यार्थीले प्राप्त नतिजा र कक्षा अवलोकन, शिक्षक, प्राचार्य तथा अभिभावकले प्रश्नावलीमा भरेका तथ्यलाई आधार मानी व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना छनौट प्रक्रिया

उ.मा.वि. परिषद्को तथ्यांक अनुसार बझाङ्ग जिल्लामा २०६६ सम्म जम्मा ३५ जना उ.मा.वि. संचालनमा रहेका छन् । जसमा १/१ वटा उ.मा.वि. खिरातडी, सुनकुडा गा.वि.स., केदार गा.वि.स. र महादेव गा.वि.स. मा अवस्थित छन् । उ.मा.वि. मा शैक्षणिक मूल्यांकनको

शैक्षिक उपलब्धिको विश्लेषण गर्न यि ४ वटै गा.वि.स. मा पर्ने ४ वटै उ.मा.वि. (सरस्वती उच्च मा.वि., सुनकुडा उच्च मा.वि., केदार उ.मा.वि. र महादेव उ.मा.वि.लाई छनौट गरी ति विद्यालयका प्राचार्य, विषय शिक्षक, विद्यार्थी तथा अभिभावकलाई अन्तर्वार्ता लिइएको थियो ।

क) प्राचार्य : अध्ययनमा परेका विद्यालयबाट प्राचार्यहरुलाई नमुना छनौटमा लिइएको थियो ।

ख) विषय शिक्षकः अध्ययनको लागि शैक्षणिक मूल्यांकन अध्यापन गराउने ४ जना विषय शिक्षकलाई नमूना छनौटमा लिइएको छ ।

ग) विद्यार्थीहरुः यस अध्ययनका लागि छनौटमा परेका विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा गरी १०/१० जना विद्यार्थीहरुको छनौट गरिएको छ । यसका लागि सम्भावना युक्त विधिको प्रयोग गरी नमुना छनौट गरिएको छ ।

घ) अभिभावकः छनोटमा परेका विद्यार्थीका ३/३ जना अभिभावकलाई सम्भावना नमूना छनौटको आधारमा छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरु

### ३.३.१ प्राचार्य प्रश्नावली

विद्यालयको शैक्षिक वातावरण तथा शैक्षणिक मूल्यांकन विषयको शैक्षिक अवस्था पत्ता लगाउन छनौटमा परेका दुवै उ.मा.वि.का प्राचार्यहरुलाई विद्यार्थीले प्राप्त शैक्षणिक मूल्यांकनको शैक्षिक उपलब्धि अन्य विषयको तुलनात्मक अवस्था, कक्षा अवलोकन तथा शैक्षिक वातावरणसँग सम्बन्धित प्रश्नावली निर्माण गरिएको थियो । (अनुसूची १)

### ३.३.२ शिक्षक प्रश्नावली

अध्ययनमा परेका शिक्षकहरुको लागि विद्यार्थीको शैक्षिक स्तर मापन तरिका, शैक्षिक योजना, शैक्षिक सामग्रीको प्रयोग, विद्यालय प्रशासन बीचको सम्बन्ध तथा सहयोग आदानप्रदान, शिक्षण विधि र यसको प्रभावकारिता आदि विविध समस्या र समस्या समाधानका उपायहरु खोजी गर्न आदि समेटिएको प्रश्नावली समावेश गरिएको थियो । (अनुसूची २)

### ३.३.३ विद्यार्थी प्रश्नावली

शैक्षिक उपलब्धिस्तरमा विद्यार्थीले के कस्तो भूमिका खेल्दछ भन्ने कुरा पत्ता लगाउन विद्यार्थीहरुलाई शैक्षिक उपलब्धिसँग सम्बन्धित विविध प्रश्नावली सोधिएको थियो । (अनुसूची ३)

### ३.३.४ अभिभावक प्रश्नावली

विद्यार्थीको शैक्षिक उपलब्धिलाई अभिभावकको रेखदेख, सहयोग तथा घरायसी वातावरणले के कस्तो प्रभाव पार्दछ भन्ने कुरा आधार बनाई समस्या समाधानका उपायहरुको खोजी गर्न अभिभावक प्रश्नावली तयार गरी परीक्षण गरिएको थियो । (अनुसूची ४)

### ३.३.५ कक्षा अवलोकन फाराम

छनौटमा परेका विद्यालयका विषय शिक्षकको कक्षा अवलोकन गर्न कक्षा अवलोकन फर्म तयार गरिएको छ । जसमा पाठयोजनाको प्रयोग, विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि तथा गृहकार्य आदि समावेश गरी श्रेणी मापन तयार गरिएको छ र त्यसैका आधारमा कक्षा अवलोकन गरिएको थियो । (अनुसूची ५)

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया

शैक्षणिक मूल्यांकन विषयको शैक्षिक उपलब्धि सम्बन्धी तथ्यांक संकलनका लागि नमूना छनौटमा परेका विद्यालयबाट ०६५/०६६ मा उ.मा.वि. परीक्षा बोर्डले लिएको परीक्षाको नतिजालाई आधार मानिएको थियो ।

विद्यालयका प्राचर्याहरुसँग विद्यालय हातामा नै भेटघाट गरी प्राचार्यका लागि बनाइएको प्रश्नावली भर्न लगाउनको साथै अन्य आवश्यक तथ्यांक प्राप्त गरिएको छ ।

अध्ययनमा छनौट गरिएका विषय शिक्षकहरुलाई प्रत्यक्ष रुपमा भेटी शिक्षका लागि तयार पारेको प्रश्नावली भर्न लगाइएको छ साथै प्राचार्यको सहयोगमा विषय शिक्षकको १/१ वटा कक्षा अवलोकन गरी अवलोकन फर्म पनि भरिएको छ ।

छनौटमा परेका अभिभावकहरुलाई प्रत्यक्ष भेटी प्रश्नावली भर्न लगाइएको छ । त्यस्तै गरी छनौटमा परेका विद्यार्थीहरुलाई पनि प्रत्यक्ष रुपमा प्रश्नावली भर्न लगाइएको छ । अन्य आवश्यक तथ्यांकको लागि वा जानकारीको लागि सम्पूर्ण विद्यार्थीहरुसँग सोधपुछ गरिएको छ । अनुसन्धानका सम्पूर्ण कार्य सम्पन्न गर्न विभिन्न प्रकारका प्रकाशित अप्रकाशित तथ्यांक पाठ्यपुस्तक, स्वदेशी तथा विदेशी लेखकहरुको सोधपत्र तथा विद्यालयबाट उपलब्ध तथ्यांकको सहयोग लिइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनमा संकलित तथ्यांक विश्लेषण प्रस्तुतीकरणका क्रममा विभिन्न शीर्षक तथा उपशीर्षक समेटी आवश्यकता अनुसार सम्बन्धित तथ्यांकलाई तालिका, स्तम्भ चित्र, वृत्तचित्र तथा विभिन्न गणितीय गणना विधिको प्रयोग गरिएको छ ।

अध्ययनको क्रममा संकलन भएका तथ्यांकहरुलाई संख्यात्मक र गुणात्मक दुवै विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । गुणात्मक विधिमा कक्षा अवलोकन क्रियाकलाप विश्लेषण, अन्तर्वार्ता निर्देशिका विश्लेषण, प्रश्नावली विश्लेषण प्रक्रियालाई अपनाइने छ भने संख्यात्मक विधिमा तालिका विश्लेषण र प्रतिशतांक विश्लेषण प्रक्रियालाई अपनाइएको छ ।

## ३.६ तथ्याङ्कको स्रोत

तथ्याङ्क संकलन गर्दा प्राथमिक स्रोत र सहायक स्रोतबाट लिइएको थियो ।

क) प्राथमिक स्रोत : प्राथमिक स्रोत अन्तर्गत प्राचार्य, विषय शिक्षक, विद्यार्थी र अभिभावकबाट प्रश्नोत्तर विधिबाट तथ्याङ्क संकलन गरिएको थियो ।

ख) सहायक स्रोत : सहायक स्रोत अन्तर्गत विभिन्न पुस्तकहरु, शब्दकोष, शोधपत्र, लेखहरु, मासिक पत्रिकाहरुलाई लिइएको थियो । यिनीहरुमध्ये केहि निम्न अनुसार छन्: जोशी हेमन्तराज (२०५२), सेरिड (१९८२), युनेस्को (२००३), थाहा, हरिबहादुर (२०६४) आदि ।

## #=& g}ltstfsf] dfkb08

प्रस्तुत खोज कार्य संकलन गर्दा नैतिकताको ख्याल गरिएको थियो । उत्तरदातासँग सुमधुर सम्बन्ध कायम गरी तथ्याङ्कको गोपनियतामा ध्यान दिइएको छ । उल्लेख गर्न भनिएका साधनलाई प्रतिवेदनमा उल्लेख गरिएको छ । उत्तरदातासँगको भाषा सुमधुर कायम गरिएको थियो भने उनीहरुको सम्मान गर्ने कुरामा ध्यान दिइएको थियो । अन्त्यमा उनीहरुले खोज कार्यमा सहयोग गरेकोमा धन्यवाद व्यक्त गरिएको थियो ।

# अध्याय चार

# तथ्याङ्कको विश्लेषण र विश्लेषण

यस अध्ययनलाई ६ भागमा विभाजन गर्दै विद्यार्थीहरुले प्राप्त शैक्षिक उपलब्धि बारे प्राप्त तथ्याङ्कको प्रस्तुति गरिएको छ । यसै क्रममा पहिलो शीर्षकमा उ.मा.वि. तहमा शैक्षणिक मूल्याङ्कन विषयको उपलब्धि परिक्षण वर्तमान अवस्थाको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । दोस्रो शीर्षकमा अध्ययन क्षेत्रको उच्च माध्यमिक विद्यालयहरुमा शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धि स्तरको अवस्थाबीच तुलनासँग सम्बन्धित छ । तेस्रो शीर्षकमा विद्यार्थीहरुको उपलब्धि स्तरबीच तुलनासँग सम्बन्धित छ । यसमा छनोट गरिएका छात्र र छात्राहरुको प्राप्त उपलब्धि स्तरको तुलना गरिएको छ । चौथो शीर्षकमा छनोटमा परेका सम्पूर्ण उ.मा.वि. का विद्यार्थीहरुको कक्षा १२ को शैक्षिक वर्ष २०६५ र २०६६ मा उ.मा.वि. परीक्षा बोर्डबाट प्रकाशित नतिजालाई विश्लेषण गरिएको छ । पाँचौ शीर्षकमा शैक्षणिक मूल्याङ्कन विषयप्रति विद्यार्थीको अवधारणा, छैठौं शीर्षकमा विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने विभिन्न समस्याहरु जस्तै प्रशासनिक, शैक्षिक तथा सहभागी सम्बन्धी समस्याहरुको अध्ययन गरिएको छ । अन्तमा शैक्षिक उपलब्धि सम्बन्धी देखा परेका विभिन्न समस्याहरुको समाधानका उपायहरुमा विद्यालय प्रशासन, शिक्षक, अभिभावक तथा विद्यार्थीहरुले आ-आफ्नो ठाउँबाट गर्नुपर्ने प्रयत्नलाई समेटी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ कक्षा १२ का विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्था

अध्ययनमा समावेश भएका विद्यालयका विद्यार्थीहरुको २०६६ सालमा उ.मा.वि. परीक्षा बोर्डले कक्षा १२ को प्रकाशित नतिजालाई निम्न अनुसार प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. १**

**२०६६ को उ.मा.वि. परीक्षा बोर्डको प्रकाशित नतिजा**


| उ.मा.वि. | छात्रको औषत अंक | छात्राको औषत अंक | जम्मा औषत |
|---|---|---|---|
| सरस्वती | २४.२ | २३.१ | २३.६ |
| सुनकुडा | २६.१ | २६.३ | २६.२ |
| केदार | २५.८ | २५.२ | २५.५ |
| महादेव | ० | ० | ० |
| जम्मा | २५.३६ | २४.८ | २५.१२ |

*स्रोत: उ.मा.वि. परीक्षा बोर्डको २०६६ को नतिजा ।*

माथिको तालिका अनुसार छात्र र छात्राको औषतको प्राप्ताङ्क सुनकुडा उ.मा.वि.को प्राप्ताङ्क सबैभन्दा बढी (२६.२) देखिन्छ र सबभन्दा कम (२३.६) सरस्वती उ.मा.वि. को देखिन्छ भने महादेव उ.मा.वि. को तथ्याङ्क प्राप्त भएको छैन । छात्र र छात्राको तुलना गर्दा छात्रकै औषत प्राप्ताङ्क (२५-३६) बढी देखिन्छ । भने छात्राको (२४.८) कम पाइन्छ । यसलाई स्तम्भ चित्रबाट पनि देखाउन सकिन्छ, जुन निम्नानुसार छन् ।

**स्तम्भ चित्र नं. १**

**छात्र छात्राको प्राप्त शैक्षिक उपलब्धि अवस्था**



स्तम्भ चित्र १ बाट यो स्पष्ट हुन्छ की छात्र छात्राको औषत प्राप्ताङ्क सरस्वती उ.मा.वि. मा सबैभन्दा कम (२३.६), सुनकुडा उ.मा.वि. को सबैभन्दा बढी (२६.२) र केदार उ.मा.वि. को २५.५ प्राप्ताङ्क प्राप्त गरेका थिए भने महादेव उ.मा.वि. को प्राप्ताङ्क प्राप्त भएको छैन । प्राप्ताङ्कको आधारमा शैक्षणिक मूल्याङ्कन विषयमा कुन उ.मा.वि. ले थोरै सुधार गर्नुपर्दछ र कुन उमा.वि.ले धेरै सुधार गर्नुपर्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.२ शैक्षिक उपलब्धि बारे सरोकारवालाको धारणा

नमुना छनोटमा परेका ४० जना विद्यार्थीहरुलाई प्रश्नावलीमा शैक्षणिक मूल्याङ्कन विषय प्रतिको अवधारणा के छ भनि सोधिएको प्रश्नमा विद्यार्थीहरुबाट दिइएको उत्तरको आधारमा निम्न अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. २**

**शैक्षणिक मूल्याङ्कन विषयप्रति विद्यार्थीहरुको अवधारणा**

| विद्यार्थी संख्या | अवधारणा |
|---|---|
| २५ | शिक्षण सम्बन्धी व्यवहारिक भएकोले |
| ११ | शैक्षणिक ज्ञान लिई शिक्षण गतिविधि बुझ्न |
| ४ | शिक्षामा अनिवार्य भएकोले |
| जम्मा ४० | |

माथिको तालिका नं. २ अनुसार कुल ४० जना विद्यार्थीहरुमध्ये २५ जनाले शैक्षणिक मूल्याङ्कन विषयलाई शिक्षण सम्बन्धी व्यवहारिक भएकोले भन्ने स्पष्ट पारे भने ११ जनाले सैद्धान्तिक ज्ञान लिई शिक्षण गतिविधि बुझ्न भनि बताए भने बाँकी ४ जनाले शिक्षामा अनिवार्य भएकोले शैक्षणिक मूल्याङ्कन विषयलाई छनोट गरेको कुरा बताए । यसलाई निम्न अनुसार बुँदागत गरिएको छ :

- अध्ययनमा विद्यार्थीहरुले शैक्षणिक मूल्याङ्कन अध्ययन गर्नुपूर्व भन्दा अध्ययन पश्चात शैक्षणिक विषयहरुमा सहजता आउने कुरा पत्ता लाग्यो ।
- शैक्षणिक मूल्याङ्कन विषय अध्ययन गर्न गाह्रो भएको कुरा नमुना छनोटमा परेका विद्यार्थीहरुबाट थाहा भयो ।
- शैक्षणिक मूल्याङ्कनको वर्तमान पाठ्यक्रमका विषयवस्तुहरु थपघट गर्नुपर्ने कुरा विषय शिक्षक तथा विद्यार्थीहरुबाट अवगत भयो ।

यस अध्ययनको लागि बझाङ्ग जिल्लामा अवस्थित ४ वटा छुट्टाछुट्टै गा.वि.स.मा रहेका ४ वटै उ.मा.वि. मा शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु पत्ता लगाउन विद्यालयका प्राचार्य, विषय शिक्षक, अभिभावक तथा विद्यार्थीहरुलाई प्रश्नावली भर्न लगाउनुको साथै आवश्यकता अनुसार अन्तर्वार्ता पनि लिइएको थियो । अध्ययनकर्ताद्वारा प्राचार्यको सहयोगमा विषय शिक्षकको प्रत्यक्ष रुपमा कक्षा अवलोकन गरिएको थियो ।

अध्ययनकर्ताद्वारा अध्ययनका क्रममा विद्यार्थीको शैक्षिक उपलब्धि स्तरलाई प्रभाव पार्न विभिन्न किसिमका समस्याहरु पत्ता लगाउने प्रयास गरिएको छ । जुन विभिन्न उपशीर्षकमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

प्रश्नावली र अन्तर्वार्ताको क्रममा अध्ययनकर्तालाई प्राचार्य, विषय शिक्षक, अभिभावक तथा विद्यार्थीहरुबाट विद्यालयको प्रशासनिक समस्याका बारेमा दिइएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

- शैक्षिक सामग्री तथा प्रयोगात्मक ज्ञानको अभावः शैक्षणिक मूल्याङ्कन विषय अध्यापन गराउने शिक्षकले शैक्षिक सामग्रीको प्रयोग नगर्ने खाली सैद्धान्तिक ज्ञान मात्र दिने कारण शैक्षणिक मूल्याङ्कन विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई कठिन विषय हुन पुगेको छ । जसको परिणाम शैक्षिक उपलब्धिमा परेको देखिन्छ । यसको साथै शिक्षकले यस विषयसँग सम्बन्धित विभिन्न प्रयोगात्मक ज्ञान प्राप्त गर्न गराउन सकिरहेको छैन ।
- शिक्षकलाई प्राप्त सुविधाको अभावः विद्यालय प्रशासनले प्रयाप्त तलब भत्ता उपलब्ध गराउन नसक्ने हुनाले विषय शिक्षकलाई निरन्तरता रही अध्यापन गराउन नसक्ने र शिक्षक परिवर्तन गरिरहनु पर्ने हुन्छ । साथै विषय शिक्षकहरु तल्लो तहदेखि दिनभरी अध्यापन गराइरहनु पर्ने हुँदा अध्यापन खाली समय बिताइ जागिर पकाउने मात्र हुने हुनाले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने देखिन्छ ।
- अनुशासन र व्यवस्थापनको कमीः विद्यार्थीको अनुशासनले उसको शैक्षिक उपलब्धिमा पनि असर पर्ने हुन्छ । विद्यार्थीलाई अनुशासित राख्न कुनै उ.मा.वि. हरुले केहि चाँसो देखाए पनि खासै चाँसो देखाएको पाइएन । जसले गर्दा विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा समेत प्रभाव परेको छ । विद्यालय प्रशासनबाट

विद्यार्थी तथा शिक्षकहरुलाई अनुशासित बनाउनु नितान्त आवश्यक छ । तथा सामुदायिक उ.मा.वि. भएका कारण विद्यार्थी तथा शिक्षकहरुमा सामुहिक कार्यको भावनाले अगाडि बढेको पाइदैन जसले गर्दा के स्पष्ट पार्दछ भने अनुशासन तथा सही व्यवस्थापनले विद्यार्थीको शैक्षिक उपलब्धिमा फरक पार्दछ ।

- आकर्षक कक्षाकोठाको अभावः शैक्षणिक मूल्याङ्कन विषय अन्य विषयको तुलनामा छुट्टै प्रकृतिको विषय हुँदा अध्यापन गर्न गराउन कक्षाकोठा आकर्षक हुनुपर्दछ । शैक्षिक तथ्यांक, शैक्षिक सामग्री, चार्ट, बुलेटिन, शैक्षिक पत्रिका हुन आवश्यक छ । तर यस विषयको अध्यापन गराउन विशिष्ट कोठाको अभाव रहेको पाइयो जसले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धिलाई असर पार्ने देखियो । किनकी, यसको अभावमा विषयगत सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिन कठिन हुन्छ ।
- विद्यार्थीको घटना वृत्त अभिलेख नराखिनुः विद्यार्थीहरु उ.मा.वि. मा अध्ययन गर्न विभिन्न जाति, भौगोलिक, सामाजिक, आर्थिक, राजनैतिक तथा धार्मिक अवस्थाबाट आउने हुँदा उनीहरुको सिकाइलाई सुधार्न र राम्रो शैक्षिक उपलब्धि हासिल गर्न घटनावृत्त अभिलेखको ठूलो महत्व छ । यस अध्ययनमा परेको उ.मा.वि. हरुले उक्त घटनावृत्त अभिलेख राखिएको पाइएन । अध्ययनकर्ता यसमा के स्पष्ट हुन्छ भने घटनावृत्त अभिलेखलाई आधार मानी शिक्षण सिकाइ गर्दा विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सकारात्मक पर्ने कुरा स्वीकार्दछ ।
- अतिरिक्त क्रियाकलापको अभावः शैक्षिक उपलब्धिमा अतिरिक्त क्रियाकलापले पनि महत्वपूर्ण भूमिका खेल्दछ । शैक्षिक भ्रमण, शैक्षिक क्रियाकलाप सम्बन्धी सेमिनार तथा गोष्ठी, समूह छलफल आदि अतिरिक्त क्रियाकलाप हुन् । यस अध्ययनमा परेको ४ वटा उ.मा.वि. मध्ये २ वटा उ.मा.वि. ले सामान्य अतिरिक्त क्रियाकलाप गरिन्छ भन्ने उत्तर आयो भने बाँकीले गरिँदैन भन्ने उत्तर आएको पाइयो ।
- आन्तरिक शैक्षिक उपलब्धिको लेखाजोखाको अभाव एक शैक्षिक सत्रमा विद्यालयबाट लिइने ३ वटा त्रैमासिक परीक्षा जुन उपलब्धिमूलक नरहेको विद्यालयका प्राचार्य, शिक्षक तथा विद्यार्थीको भनाई छ । यदि आन्तरिक परीक्षाको शैक्षिक उपलब्धिलाई उ.मा.वि. परीक्षा बोर्डबाट लिइने उपलब्धिसँग जोडिने हो भने विद्यार्थीहरुको अध्ययन गर्ने बानीमा सुधार आउँथ्यो । तर यसो नभएकोले विद्यार्थीहरु उ.मा.वि.

परीक्षा बोर्डले लिने परीक्षणलाई ध्यान दिएर मात्र अध्ययन गर्ने हुँदा परीक्षा नजिक आएपछि मात्र अध्ययन गर्ने प्रवृत्ति शैक्षिक उपलब्धिलाई असर पार्ने हुन्छ ।

- सबै शिक्षकहरु एकै समयमा विद्यालयमा आउन नसक्ने हुँदा घण्टी (Period) मिलाउन कठिन हुने हुन्छ साथै यस विषयलाई यात अन्तिम घण्टीमा राखिने यात पहिलो घण्टीमा राखिनाले सबै विद्यार्थीहरुलाई शिक्षण सिकाई क्रियाकलापमा समावेश गर्न नसक्ने हुनाले शैक्षिक उपलब्धिमा असर पार्ने हुन्छ ।

प्रश्नावलीमा उल्लेखित विभिन्न प्रश्नको आधारमा उ.मा.वि. का प्राचार्य, विद्यार्थी तथा अभिभावकहरुले दिएको जवाफका आधारमा उ.मा.वि. का शैक्षिक समस्याहरु निम्न अनुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

- विषय शिक्षकलाई प्रयाप्त तालिमको अभावः नमुना छनोटमा परेका शैक्षणिक मूल्याङ्कन अध्यापन गराउने शिक्षकहरुमध्ये सरस्वती उ.मा.वि. का शिक्षकले HSEB ले दिएको १५ दिने तालिम प्राप्त र सुनकुडा उ.मा.वि.का शिक्षकले ७ दिने तालिम प्राप्त गरेको पाइयो भने अन्य २ जना शिक्षकले तालिम प्राप्त नगरेको पाइन्छ । तालिम प्राप्त भएका शिक्षकहरुको गुनासो के छ भने ७ दिने वा १५ दिने तालिम पनि खासै प्रयाप्त तालिम भने होइन भन्ने भनाइ छ । तालिम प्राप्त शिक्षकले अध्यापन गराउँदा विद्यार्थीको क्षमता, पुर्व ज्ञानलाई ध्यान दिइ, विषयवस्तुको प्रकृतिलाई आधार मानेर गरिएको शिक्षण क्रियाकलापले शैक्षिक उपलब्धिलाई सकारात्मक प्रभाव पार्दछ ।
- पाठ्यपुस्तकमा राखिएको विषयवस्तु समायोजन तथा परिमार्जन नगरिएकोः पाठ्यपुस्तक विद्यार्थीको चाहना र देशकाल परिस्थिति अनुसार हुन आवश्यक छ । जसले शैक्षिक उपलब्धिलाई समेत प्रभाव पार्ने हुन्छ । अध्ययनमा परेका विषय शिक्षकहरुको भनाइ अनुसार २ जना शिक्षकहरुले विषयवस्तुहरु थपघट गरिनुपर्ने बताए भने अरु २ जनाले समसामयिक विषयवस्तु राख्दा राम्रो हुने तर्क दिए ।
- शिक्षकलाई पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको अभावः शिक्षण सिकाइलाई प्रभावकारी बनाउन पाठ्यक्रम तथा शिक्षक निर्देशिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अध्ययनमा परेका शिक्षकहरुमध्ये एक जना शिक्षकसँग मात्र शैक्षणिक मूल्याङ्कन विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका रहेको पाइयो । शिक्षकहरुको अनुसार यी सामग्री विद्यालय प्रशासनले उपलब्ध नगराएको भन्ने भनाइ छ । यसरी

पाठ्यक्रम तथा शिक्षक निर्देशिका प्रयोग नगरी अनुमानित ढंगमा शिक्षण गर्दा विद्यार्थीको उपलब्धिमा असर पर्दछ ।

- सहि शिक्षण विधिको अभावः अध्ययनमा परेका सबैजसो शिक्षकहरुले व्याख्यान विधिलाई जोड दिइएको र अन्य विधिलाई कम प्राथमिकता दिइएको पाइयो । शिक्षण सिकाइ प्रभावकारी तथा उपलब्धि मूलक बनाउन विद्यार्थीको रुचि क्षमता पाठको प्रकृति अनुसार छलफल, प्रयोगात्मक तथा प्रदर्शन विधिको प्रयोग गर्नुपर्दछ ।
- अन्य विषयको तुलनामा शैक्षणिक मूल्याङ्कन विषयमा कम शैक्षिक उपलब्धि प्राप्तः अध्ययनमा परेका विद्यार्थीहरुको अन्य विषयको तुलनामा शैक्षणिक मूल्याङ्कन विषयको कम प्राप्ताङ्क प्राप्त गरेको जानकारी विद्यालय रेकर्डमा देखिन्छ । समग्रमा प्रति विद्यार्थी २५.४५ प्राप्ताङ्क प्राप्त गरेका छन् । जुन प्राप्ताङ्क प्राचार्यहरुले भरेको प्रश्नावलीको आधारमा न्यून भएको पाइएको छ । यसरी यस विषयमा कम उपलब्धिस्तर हुनुमा विद्यालय प्रशासन तथा विषय शिक्षक सबै किसिमका तत्वहरुको कमी कमजोरी औंल्याउँन सकिन्छ ।
- शैक्षिक योजनाको निर्माण तथा प्रयोग नगर्नु : अध्ययनमा परेका शिक्षकहरुले दैनिक पाठयोजनालाई मनोगत रुपमा बनाइएको तर लिखित रुपमा बनाउने नगरेको पाइयो । साथै वार्षिक कार्ययोजना, एकाइ योजना बनाइएको पाइएन । यसबाट के पुष्टि हुन्छ भने शैक्षिक योजनाले शैक्षिक उपलब्धिमा महत्वपूर्ण भूमिका खेल्दछ ।
- विशिष्टीकरण तालिका निर्माण अभावः शिक्षकले प्रश्न बैध र विश्वसनीय बनाउन, विशिष्टीकरण तालिकाको आधारमा शिक्षण गर्दा विद्यार्थीलाई गृहकार्य गराउँदा शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पर्ने हुन्छ । त्यसैले हरेक शिक्षकले विशिष्टिकरण तालिका निर्माण गर्नुपर्दछ । अध्ययनमा परेका शिक्षकहरुले विशिष्टीकरण तालिका निर्माण नगरिएको पाइयो ।
- गृहकार्यको प्रयोगको कमीः ज्ञान, सीप तथा धारणा विकास गर्न विद्यार्थीहरुलाई गृहकार्यको आवश्यकता पर्दछ । अध्ययनमा परेका शिक्षकहरुद्वारा लिखित गृहकार्य दिने कार्य अत्यन्त न्यून रहेको पाइयो जुन विद्यार्थीको शैक्षिक उपलब्धिमा समेत असर पर्ने हुन्छ ।

यि विभिन्न समस्याहरु अध्ययनमा परेका शिक्षकहरुको प्रतिक्रियाका आधारमा विश्लेषण गरिएको हो । जसअनुसार शिक्षकको पाठ्यक्रम तथा निर्देशिकाको अभाव, तालिमको अभाव, गृहकार्यको प्रयोग नहुनु, शैक्षिक योजनाको अभाव आदि कारणले शैक्षणिक मूल्याङ्कन विषयको आशातित उपलब्धि हुन नसकेको कुरा प्रष्ट हुन्छ ।

प्रश्नावलीमा उल्लेखित प्रश्नहरु प्राचार्य, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई सोधिएको थियो । जुन प्रश्नको प्रतिक्रियाको आधारमा विद्यार्थी तथा अभिभावक सहभागिताका निम्न समस्याहरुले गर्दा शैक्षिक उपलब्धि स्तर न्यून हुन पुगेको पाइयो ।

- अध्ययनमा परेका शिक्षकहरुका अनुसार दिएको गृहकार्य ३ वटा उ.मा.वि.का विद्यार्थीहरुमा २५ प्रतिशतले मात्र गर्ने गरेको र एउटा उ.मा.वि. का विद्यार्थीहरुमध्ये ५० प्रतिशत गृहकार्य गर्ने गरेको पाइयो ।
- शैक्षणिक मूल्याङ्कन विषय अध्ययन गर्न कतिको गाह्रो वा सजिलो भएको छ भन्ने प्रश्नोत्तरमा अधिकांश विद्यार्थीले गाह्रो मानेको पाइयो जसको कारण उनीहरुकै अनुसार पहिले शैक्षणिक मूल्याङ्कन विषय सम्बन्धित ज्ञान नभएको उत्तर दिए भने कतिपयले प्रयोगात्मक ज्ञान नभएकोले, दक्ष शिक्षकको अभाव, व्यवहारिकता अभाव, समय  दिन नसकेर भन्ने उत्तर पाइयो ।
- शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता कस्तो छ भन्ने प्रश्नोत्तरमा धेरै जसो विषय शिक्षकहरुले न्यून सहभागिता भएको बताए भने एक जना विषय शिक्षकले भने सन्तोषजनक भएको बताए ।
- तपाई विद्यालयमा महिनामा कतिपटक पुग्नु हुन्छ भनेर अभिभावकहरुलाई सोधिएकोमा खासै विद्यालयमा जाने नगरिएको बताए भने कमै अभिभावक विद्यालय नजिक भएकोले छोरा छोरीहरुको अध्ययनबारे बुझ्ने गरेको पाइयो ।
- अभिभावक विद्यालय प्रशासनबीच कस्तो सम्बन्ध छ ? भन्ने प्रश्नोत्तरमा अध्ययनमा परेका सबै जसो प्राचार्यले ठीक ठीकै भएको बताए ।
- अभिभावकहरुको आलोचना तथा सुझाव कतिको आउँछ भनी सोधिएको प्रश्नमा अधिकांश प्राचार्यले अति कम आउने कुरा बताए ।
- विद्यालय प्राचार्यको सहभागितामा विषय शिक्षकको कक्षा अवलोकन गरिएको थियो । जसमा विद्यार्थीहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता गराउने १

जना शिक्षक अग्रसर रहेभने बाँकी ३ जना शिक्षकहरुको शिक्षण क्रियाकलाप त्यति सन्तोषजनक नभएको पाइयो ।

## ४.३ विद्यार्थीको शैक्षिक उपलब्धिस्तर सुधार गर्ने प्रयासहरु

अध्ययनमा परेका ४ वटा उ.मा.वि. का विषय शिक्षक, प्राचार्य, विद्यार्थी तथा अभिभावकहरुलाई सोधिएको खुल्ला प्रश्नावलीको आधारमा विद्यार्थीका शैक्षिक उपलब्धि के कसरी सुधार गर्न सकिन्छ भन्ने विभिन्न प्रश्नबाट प्राप्त जवाफ, सल्लाह तथा सुझावका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्यालय प्रशासकले गर्नुपर्ने प्रयास

शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धि सुधार गर्न विषय शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय प्रशासनले निम्न अनुसारको प्रयास हुनुपर्ने उल्लेख गरेका छन् ।

- शैक्षणिक मूल्याङ्कन विषय अध्यापन गर्ने शिक्षकहरुमा तालिमको अभाव देखिएकोले तिनीहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने, सेमिनार, गोष्ठीमा भाग लिन लगाउनु पर्दछ ।
- शैक्षिक सामग्री तथा शिक्षक निर्देशिका, पाठ्यक्रमको अभाव देखिएकोले विद्यालय प्रशासनले यथासिघ्र छिटो उपलब्ध गराउनु पर्दछ ।
- विषय शिक्षकले शैक्षिक योजना विना नै अध्यापन गर्ने गरेको पाइयो । यसलाई विद्यालय प्रशासनले शैक्षिक योजना बनाई अध्यापन गराउन निर्देशन दिनुपर्दछ ।
- इमान्दार, कर्तव्यनिष्ट, विषयगत रुपमा राम्रो शैक्षिक उपलब्धि प्राप्त गर्ने गराउने विद्यार्थी तथा शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गर्नाले शैक्षिक उपलब्धिमा सुधार आउँछ ।
- विद्यालय प्रशासनले कक्षाकोठामा उचित व्यवस्थापन नगरेको देखियो । यसलाई विद्यालय प्रशासनले आकर्षक बनाइ राख्न शैक्षिक गतिविधि सम्बन्धी चित्र, चार्ट, तथ्याङ्क तालिका तथा बुलेटिनहरु ठाउँ ठाउँमा राख्नुपर्दछ । यसले विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार हुन मद्दत गर्दछ ।
- अभिभावकहरु कमै मात्र विद्यालय जाने कुरा अध्ययनबाट देखियो । यसको लागि विद्यालय प्रशासनले समय समयमा अभिभावक भेला, सम्मेलन गर्ने तथा विद्यालयमा आउने वातावरण बनाउनु पर्दछ ।

- शैक्षिक जानकारी तथा ज्ञान हासिल गर्ने एउटा उ.मा.वि. मात्र देखियो । यसको लागि विद्यालय प्रशासनले शैक्षिक भ्रमणको व्यवस्था मिलाउनु पर्दछ ।
- शिक्षकहरु आर्थिक अभावका कारण एक भन्दा बढी विद्यालयहरुमा आवद्ध हुने हुनाले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा समेत असर पुगेको अध्ययनले देखाएको छ । यस समस्यालाई हल गर्न विद्यालय प्रशासनले न्यूनतम ३ घण्टी र सो अनुसार तलब भत्तामा आर्थिक स्रोतले भ्याएसम्म सन्तुष्टि दिलाउने प्रयास गर्नुपर्दछ ।

### ४.३.२ शिक्षकले गर्नुपर्ने प्रयास

अध्ययनकर्ताका अनुसार शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धि स्तर सुधार गर्नका लागि निम्नानुसार विषय शिक्षकले प्रयास गर्नुपर्दछ ।

- शैक्षणिक मूल्याङ्कन शिक्षण गर्ने अधिकांश शिक्षकहरुले शैक्षिक योजना, दैनिक पाठयोजना, वार्षिक कार्यतालिका नबनाई अध्यापन गरेको पाइन्छ । शिक्षकले निश्चित विषयवस्तुलाई कुशलतापूर्वक शिक्षण गर्न पाठयोजना निर्माण र प्रयोग गर्नुपर्दछ । यसले शैक्षिक उपलब्धि सुधार गर्न सहयोग पुग्दछ ।
- शिक्षकले विद्यार्थीहरुलाई पाठको इकाईमा मात्र गृहकार्य दिने गरेको अध्ययनबाट पत्ता लागेकोले दैनिक रुपमा गृहकार्य दिई विद्यार्थीको सहभागिता गराई समस्या पहिचान गरी पृष्ठपोषण प्रदान गरेमा शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ ।
- विशिष्टीकरण तालिकाको आधारमा शिक्षण क्रियाकलाप मूल्याङ्कन नभएको अध्ययनले पत्ता लागेको छ । त्यसैले शैक्षणिक मूल्याङ्कन विषय शिक्षकले विशिष्टीकरण तालिकाको आधार मानी मूल्याङ्कन तथा शिक्षण क्रियाकलाप गर्नुपर्दछ ।
- शिक्षकले शैक्षणिक मूल्याङ्कन विषयको पाठ्यपुस्तकलाई मात्र आधार मानी शिक्षण गर्नुभन्दा अतिरिक्त क्रियाकलाप जस्तो बादविवाद, शैक्षिक तथ्याङ्क हेर्न लगाउने, शैक्षिक समाचार हेर्न तथा सुन्न लगाउने, शैक्षिक भ्रमण लग्दा शैक्षिक क्षेत्रको भ्रमण गराउने गर्दा यसबाट पाइएको अतिरिक्त ज्ञानले शैक्षिक उपलब्धिलाई सुधार्न सहयोग पुग्दछ ।
- विद्यार्थीहरु विभिन्न जातजाति, भौगोलिक, आर्थिक, सामाजिक, राजनैतिक, भाषिक क्षेत्रबाट विद्यालयमा आएका हुन्छन् । त्यसैले शिक्षकले अध्यापन गराउँदा कमजोर विद्यार्थीलाई प्राथमिकता दिनुपर्दछ ।

### ४.३.३ विद्यार्थीले गर्नुपर्ने प्रयास

अध्ययनकर्ता तथा विषय शिक्षकका अनुसार शैक्षिक उपलब्धिमा सुधार ल्याउन विद्यार्थीहरुबाट निम्न प्रयास गर्नुपर्दछ ।

- अध्ययनले देखाए अनुसार विद्यार्थीहरु गृहकार्य गर्न अल्छी मान्ने गरेको पाइयो । गृहकार्यले आफ्नो लेखनशैली तथा बिर्सिने बानीलाई सुधार्न मद्दत पुग्ने हुनाले शैक्षिक उपलब्धिमा सुधार आउँछ । त्यसैले हरेक विद्यार्थीले गृहकार्य गर्नुमा अल्छीपन गर्नुहुँदैन ।
- कतिपय विद्यार्थीहरु समयमा विद्यालय आउने नगरेको अध्ययनबाट पत्ता लाग्यो । विद्यार्थीहरु आफ्नो हरेक विषयलाई त्यति नै महत्व ठानी अध्ययन गर्न समयमै विद्यालय पुगी अन्तिम समयसम्म अध्ययन गर्नुपर्दछ ।
- विद्यार्थी आफु विद्यालयमा अनुपस्थित भएको दिनमा के कस्ता विषयवस्तु शिक्षकले अध्यापन गराए सो विषयवस्तुप्रति नियमित उपस्थित हुने साथीहरुसँग छलफल गर्ने ।
- अध्ययनमा परेका प्रायसजोः विद्यालयका विद्यार्थीहरुको अनुशासनमा कमी पाइयो । अनुशासन नै विद्यार्थीको गहना भएकोले विद्यार्थीहरुले आफ्नो शैक्षिक उपलब्धिलाई सुधार गर्न अनुशासित हुन नितान्त आवश्यक छ ।

### ४.४.४ अभिभावकले गर्नुपर्ने प्रयास

शैक्षिक उपलब्धि स्तरमा वृद्धि गर्न अभिभावकहरुले निम्न प्रयास गर्नुपर्दछ ।

- प्राप्त अध्ययनको नतिजा अनुसार अभिभावकहरु विद्यालयमा खासै जाने नगरेको पाइयो । आफ्नो छोराछोरीको अध्ययनको स्तर राम्रो गर्न अभिभावकहरु कम्तीमा महिनामा १/२ पटक विद्यालयमा गएर आफ्नो छोराछोरीको पढाइ सम्बन्धी रिपोर्ट लिनुपर्दछ ।
- विद्यार्थीहरुलाई पढ्नको लागि घरायसी वातावरण त्यति नमिलेको गुनासोहरु पनि आएकोले अभिभावकले आफ्ना छोराछोरीको लागि घरायसी क्रियाकलापमा कम लगाएर धैरै समय अध्ययनको लागि मिलाइ दिनुपर्दछ ।
- आफ्नो छोराछोरीलाई पढाईस्तर उकास्न आवश्यक शैक्षिक सामग्रीको बन्दोबस्त गर्नुपर्ने, समयमै विद्यालय शुल्क तिरिदिनुपर्ने अध्ययनले देखाएको छ ।

### ४.३.५ सम्बन्धित संघ संस्थाले गर्नुपर्ने प्रयास

प्रश्नावलीमा सोधिएका प्रश्नका आधारमा प्राचार्य, विषय शिक्षक, अभिभावक तथा विद्यार्थीहरुबाट आएको प्रतिक्रिया अनुसार शैक्षिक उपलब्धि स्तर सुधार गर्न शिक्षासँग सम्बन्धित संघ संस्थाहरुले निम्न अनुसार प्रयास गर्नुपर्दछ ।

- कक्षा १२ मा राखिएको शैक्षणिक मूल्याङ्कनको विषयवस्तुलाई थपघट गर्नुपर्ने गुनासो विषय शिक्षक तथा विद्यार्थीबाट आएको छ । यसका लागि विशेष समिति तयार पार्नुपर्ने सुझावहरु उहाँको छ । यसमा पाठ्यक्रम विकासकेन्द्रले ध्यानदिनुपर्दछ ।
- शैक्षिक उपलब्धिलाई सुधार गर्न HSEB ले प्रकाशित विद्यार्थीको नतिजालाई आधार मानी उत्कृष्ट विद्यालयका विद्यार्थी तथा शिक्षकहरुलाई उचित पुरस्कारको व्यवस्था विद्यालय प्रशासनले गर्नुपर्दछ ।
- उ.मा.वि. परिषद्ले विषय शिक्षकलाई विषयगत रुपमा पाठ्यक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउनु पर्दछ । जसले शिक्षक विषयवस्तु प्रति परिपक्क भई अध्यापन गराउन सक्षम हुन्छन् ।
- धेरैजसो उ.मा.वि. हरुमा शैक्षणिक मूल्याङ्कन विषय सम्बन्धी तालिम प्राप्त गरेका शिक्षकहरु पाइएन । त्यसैले उ.मा.वि. परिषद्ले समय समयमा तालिमको व्यवस्था गर्नु पर्दछ । जसले गर्दा शिक्षक आफ्ना विषयवस्तु प्रति निपूर्ण भई शैक्षिक उपलब्धि वृद्धि गर्न सक्षम हुन्छन् ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र सुझावहरु

## ५.१ मुख्य प्राप्तिहरु

यस अध्ययनको प्रमुख उद्देश्य उ.मा.वि. तहमा शैक्षणिक मूल्याङ्कन विषय अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धि र समस्याहरु पत्ता लगाउनु हो । यस अध्ययनमा अध्ययनकर्ताले बझाङ्ग जिल्ला क्षेत्र नं. २ अन्तर्गतका ४ वटा उ.मा.वि. को शैक्षणिक विषयको कक्षा १२ का विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर र समस्याहरुको अनुसन्धान गरिएको हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरुमा छात्रछात्राको उपलब्धि तुलना गर्ने, शैक्षणिक मूल्याङ्कन विषय प्रति विद्यार्थीहरुको अवधारणा पत्ता लगाउने, शैक्षिक उपलब्धिस्तरमा देखापरेका समस्याहरु समाधानका उपायहरु पत्ता लगाउनु र ती समस्याका समाधानका उपायहरु खोजी गर्नु रहेको छ ।

छनोटमा परेका विद्यालयका विद्यार्थीहरुको उपलब्धिस्तर पत्ता लगाउन उ.मा.वि. बोर्डले २०६६ मा लिएको परीक्षाको नतिजालाई आधार मानी उपलब्धि स्तर पत्ता लगाइएको छ । जस अनुसार औसत २५.४५ प्राप्ताङ्क प्रति विद्यार्थीले प्राप्त गरेको देखियो ।

नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरुलाई छात्रछात्रा गरी अध्ययन गर्दा छात्राको तुलनामा छात्रको औसत शैक्षिक उपलब्धि बढी नै रहेको पाइयो । २०६५ को उच्च मा.वि.को परीक्षा बोर्डले प्रकाशित नतिजालाई अध्ययन गर्दा औसत प्रति विद्यार्थी २५.१२ प्राप्ताङ्क प्राप्त गरेको पाइयो भने छात्राको मात्र औषत प्राप्ताङ्क २४.८ प्राप्त गरेको पाइन्छ । शैक्षणिक मूल्याङ्कन विषयप्रतिको धारणामा ४० जना विद्यार्थीहरुमध्ये २५ जनाले शिक्षण सम्बन्धी व्यवहारिक, ११ जनाले सैद्धान्तिक ज्ञान लिनु र बाँकी ४ जनाले अनिवार्य विषय भएको भन्ने कुरालाई जोड दिए ।

विद्यार्थीको शैक्षिक उपलब्धिस्तरलाई प्रभाव पार्ने विभिन्न तत्वहरु देखा परेको पाइन्छ जसमा प्रशासनिक समस्या जुन विद्यालयको आर्थिक स्रोत साधनसँग सम्बन्धित रहेको देखिन्छ । त्यस्तै शैक्षिक समस्याहरु जुन शिक्षण सिकाइ क्रियाकलापहरुसँग सम्बन्धित छन् । यसमा शिक्षकले योजना निर्माण र प्रयोग नगरिएको, शैक्षिक सामग्रीको प्रयोग नगरिएको, व्याख्यान विधिमा बढी जोड दिइएको कुरा अध्ययनको क्रममा पत्ता लाग्यो । त्यसै गरी गृहकार्यको प्रयोग न्यून गरिएको, मौलिक प्रश्नोत्तरमा मात्र जोड दिएको पाइयो ।

शैक्षणिक मूल्याङ्कन विषय शिक्षकलाई खासै कुनै तालिम, गोष्ठी तथा सेमिनारमा भाग लिन लगाइएको देखिँदैन । जसले गर्दा शिक्षकहरु पाठ्यपुस्तकमा मात्र सीमित रहेको पाइन्छ । विद्यार्थीहरुलाई खासै अतिरिक्त क्रियाकलापमा पनि सामेल नगराइएको पाइयो ।

## ५.२ निष्कर्ष

यस अनुसन्धानमा संकलित विभिन्न तथ्याङ्कहरु र विश्लेषणको आधारमा निम्न तथ्यहरुलाई निष्कर्षको रुपमा प्रस्तुत गर्न सकिन्छ । उच्च मा.वि. तहमा समग्रमा प्रति विद्यार्थी औषत प्राप्ताङ्क २५.४५ प्राप्त गरेको देखियो जुन विद्यार्थीको शैक्षिक उपलब्धिलाई प्रर्याप्त मान्न सकिँदैन । छात्रा भन्दा छात्रको औषत प्राप्ताङ्क पनि बढी देखियो । शैक्षणिक मूल्याङ्कन विषय प्रतिको विद्यार्थीको अवधारणा अनुसार २५ जनाले शिक्षण सम्बन्धी व्यवहारिक विषय भएको, ११ जनाले सैद्धान्तिक ज्ञान प्राप्न गर्ने र ४ जनाले अनिवार्य विषय भएकोले भन्ने उत्तर दिए । विद्यालय प्रशासनले विद्यार्थीको परीक्षणबाट प्राप्त नतिजा तथा सामान्य व्यक्तिगत विवरण बाहेक अरु घटनावृत्ति अभिलेख राखेको पाइएन । शैक्षणिक मूल्याङ्कन अध्यापन गराउने कक्षाकोठामा चार्ट, तथ्याङ्क, वृत्रचित्र, तालिका कुनै शैक्षिक सामग्री राखिएको देखिएन । विद्यालय प्रशासनले शिक्षकलाई आवश्यक पाठ्यक्रम, शिक्षक निर्देशिका पुस्तक आदि उपलब्ध गराएको पाइएन । शिक्षकले अध्यापन गराउँदा सबैभन्दा बढी व्याख्यान विधि प्रयोग गरेको पाइयो । विद्यालयमा विद्यार्थीहरु अनुशासित देखिएनन् । उ.मा.वि. ले लिने आन्तरिक त्रैमासिक परीक्षाको प्रभावकारिता खासै राम्रो हुन नसकेको विद्यालयका प्राचार्य तथा विषय शिक्षकहरुबाट पत्ता लाग्यो । विद्यार्थी तथा विषय शिक्षकलाई शिक्षण क्रियाकलापको आधारमा पुरस्कार र दण्डको व्यवस्था नभएको कुरा विषय शिक्षक तथा विद्यार्थीहरुले बताए । अध्ययनकर्ता अनुसार अध्ययनमा परेका शैक्षणिक मूल्याङ्क अध्यापन गर्ने शिक्षकहरुले वार्षिक कार्यतालिका, दैनिक पाठयोजना, तथा एकाई योजना बनाई अध्यापन गर्ने गरिएको पाइएन । नमूना छनोटमा परेका विद्यालयका विद्यार्थीहरु मध्ये करिब २५ प्रतिशत विद्यार्थीहरुले मात्र गृहकार्य गर्ने गरेको कुरा विषय शिक्षकले दिइएको अन्तर्वार्ताबाट पत्ता लाग्यो । शिक्षकले अध्यापन गराउँदा शैक्षिक सामग्रीको प्रयोग गरिएको पाइएन ।

## ५.३ सुझावहरु

अध्ययनकर्ताद्वारा प्राप्त गरेका तथ्याङ्कको विश्लेषण गरी प्राप्त निष्कर्षको आधारमा निम्न सुझावहरु विद्यार्थीको शैक्षिक उपलब्धि स्तर वृद्धि गर्न प्रस्तुत गरिएको छ ।

- शैक्षणिक मूल्याङ्कन अध्यापन गराउने शिक्षकलाई तालिम, सेमिनारको अभाव भएकाले समय समयमा विद्यालय प्रशासनले तालिम, सेमिनार तथा गोष्ठीको आयोजना गरी भाग लिन लगाउनु पर्दछ ।
- विशेष गरी विद्यार्थीको अनुशासनमा कमि भएकोले विद्यालयमा विद्यार्थीलाई अनुशासित बनाई राख्न विभिन्न अनुशासनका कुरा गरेर सम्झाउने साथै निश्चित नीति नियम बनाई पालना गर्न लगाउने ।
- इमान्दार, अनुशासित, मेहेनती तथा कर्तव्यनिष्ट शिक्षक र विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था नभएकोले यसको व्यवस्था गर्नु पर्दछ ।
- शिक्षकले शैक्षणिक मूल्याङ्कन विषयको अध्यापनमा भाषण विधि अवलम्बन गरेको पाइएकोले पाठको प्रकृतिको आधारमा छलफल सहभागी, प्रदर्शन तथा अवलोकन विधिहरु प्रयोग गर्नु पर्दछ ।
- शैक्षिक सामग्रीको प्रयोगको अभाव रहेकोले शैक्षिक सामग्रीको प्रयोगमा जोड दिई अध्यापन गर्नु पर्दछ ।
- विद्यालय प्रशासनले आन्तरिक त्रैमासिक परीक्षामा उत्तीर्ण नगरेका वा सामेल नभएका विद्यार्थीहरुलाई वाह्य परीक्षामा सामेल नगराउने नीति नियमलाई जोड दिनु पर्दछ ।
- विद्यालय प्राचार्यले कम्तीमा महिनामा २ पटक कक्षा अवलोकन गरी विषय शिक्षकलाई आवश्यक सल्लाह तथा सुझाव दिनु पर्दछ ।
- आन्तरिक त्रैमासिक परीक्षमा उच्च अंक ल्याउने विद्यार्थीहरुलाई छात्रवृत्ति तथा पुरस्कारको व्यवस्था गर्नु पर्दछ ।
- केही विद्यार्थीहरु आफूलाई अनुशासित राखी समयमा नै विद्यालयमा पुगि अन्तिम घण्टी सम्म अध्ययनमा लागि परेको नदेखिएकोले यस प्रकारका कार्यमा ध्यान दिनु पर्दछ ।

- अभिभावकहरु विद्यालयमा कमै जाने हुनाले आफ्नो छोरा छोरीको शैक्षिक उपलब्धि के कस्तो छ जानकारी लिन महिनामा कम्तीमा २ पटक अनिवार्य रुपमा विद्यालय प्रशासन तथा विषय शिक्षकलाई अभिभावकले सम्पर्क गर्नु पर्दछ ।
- शैक्षणिक मूल्याङ्कन अध्यापन गराउने शिक्षकले सबै विद्यार्थीहरुलाई गृहकार्य गराउन प्रत्येक पाठको बीच-बीचमा र अन्तमा पटक-पटक गृहकार्य दिई सबैले गरेको छ/छैन जाँच गरी नियमित गृहकार्य गर्ने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्नु पर्दछ ।
- छात्रा विद्यार्थी छात्र विद्यार्थीको तुलनामा घरायसी क्रियाकलापले गर्दा विद्यालयमा कम उपस्थित हुने गरेको कुरा विद्यालयको हाजिरी कापीबाट देखियो । त्यसैले विद्यालय प्रशासन तथा विषय शिक्षकले बोलाई सम्झाउने बुझाउने प्रयास गर्नु पर्दछ ।
- शिक्षकले अध्यापनका क्रममा कमजोर विद्यार्थीलाई प्राथमिकतामा नराखिएकोले यस्ता कुरामा ध्यान दिनु पर्दछ । जसले उसको अध्ययनमा प्रगति गर्न सहयोग पुगोस् ।
- समय समयमा विद्यार्थीहरुलाई शैक्षिक भ्रमण लाने व्यवस्था विद्यालय प्रशासनबाट हुनु पर्दछ ।
- विद्यालय प्रशासनले विद्यार्थी संख्या अनुसार कक्षाकोठा, कालोपाटी, बेन्च, टेबलको उचित व्यवस्थापन गर्नु पर्दछ ।
- समय समयमा अभिभावक भेला तथा सम्मेलन गर्नु पर्दछ ।
- अध्ययन अध्यापन सम्बन्धी समस्याहरु विषय शिक्षक, विद्यार्थी, अभिभावकहरुबाट विद्यालय प्रशासनले लिनु पर्दछ ।
- विद्यालय हाता भित्र समस्या तथा सुझाव पेटीका राख्नु पर्दछ ।

# सन्दर्भग्रन्थ

जोशी, हेमन्तराज (२०५२), गणितीय उपलब्धिका निर्णायक तत्वहरु, विकासका निम्ति शिक्षा काठमाडौं : सेरिड त्रिपुरेश्वर, काठमाडौं ।

ज.व.रा. स्वयं प्रकाश, श्रेष्ठ, चन्द्रबहादुर, रञ्जितकार, किरणराम (२०६६), शैक्षणिक मूल्यांकन, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

थापा, हरिबहादुर (२०६४), माध्यमिक तहमा अर्थशास्त्र विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु एक अध्ययन, स्नातकोत्तर तह शोधपत्र शिक्षाशास्त्र स.काय त्रि.वि.वि., कीर्तिपुर ।

पोखरेल, टिकाराम र तिमिल्सिना विनोद खण्ड (२०६२), शिक्षामा मापन तथा मूल्यांकन सहायक, कीर्तिपुर, काठमाडौं, स्टुडेन्टस् बुक्स एण्ड डिष्ट्रीब्युटर्स ।

बझाङ्ग डायरी (२०६६), बझाङ्ग, काठमाडौं सम्पर्क मञ्च ।

सिंह, धनबहादुर (२०६६), बझाङ्ग डायरी, मकालु प्रेस, पुतली सडक, काठमाडौं ।

श्रेष्ठ, विष्णुनारायण (२०६५), उच्च माध्यमिक तहमा अर्थशास्त्र विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु, शोधपत्र, त्रि.वि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुर, अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग ।

शर्मा, जुगलाल (२०६६), उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको प्रभावकारिता, त्रि.वि.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

श्रेष्ठ, चन्द्रबहादुर, ज.व.रा., स्वयंप्रकाश, रञ्जितकार, किरणराम (२०६२), शिक्षामा मापन तथा मूल्यांकन, विद्यार्थीपुस्तक भणडर, भोटाहिटी, काठमाडौं ।

CERID (1982). Achievement Study of Primary School Children, Pani Pokhari, Kathmandu, CERID.

CERID (1999). Assessment of Learning Achievement of Lower Secondary School, Tripureswor, Kathmandu : CERID.

Gibseon, L. Robert and Mavianme, H. Mituel (1981). Introduction to Guidance, USA.

UNESCO (2003). Assessment of Learning Achievement, Islamabad, Institute of Education of the Punjab.

UNESCO (2004). School Education for Quality Improvem

## अनुसूची - १

## प्राचार्यको लागि प्रश्नहरु

उ.मा.वि.को नामः ....................................................................

ठेगानाः ..............................................................................................

उ.मा.वि. प्राचार्यको नामः ..............................................................

ठेगानाः ..............................................................................................

शैक्षिक योग्यता : ............................................... अस्थायी : .................

शिक्षण अनुभव वर्ष : ............................................ स्थायी : ...................

१. कक्षा १२ को शिक्षाशास्त्रमा कति जना विद्यार्थी छन् ?

............. जना

२. छात्र छात्रा कति कति जना छन् ?

क) छात्र ........... जना ख) छात्रा ................ जना

३. तपाईको विद्यालयमा शिक्षाशास्त्र संकाय राख्नुको कारणहरु के के हुन् ?

क) ......................................................................................

ख) ......................................................................................

ग) ......................................................................................

घ) ......................................................................................

४. कक्षा १२ मा शैक्षणिक मूल्याङ्कन पढाउने शिक्षकले कुन विषय र संकायमा विशिष्टिकरण गर्नु भएको छ ?

क) .................... ख) ........................

५. के शिक्षाशास्त्रमा विशिष्टिकरण गरेको शिक्षकले शैक्षणिक मूल्याङ्कन पढाई रहनु भएको छ ?

क) छ ख) छैन

६. यदि छैन भने, उहाँले कसरी पढाइरहनु भएको छ ?

क) ......................................................................................

ख) ......................................................................................

ग) ......................................................................................

७. शैक्षणिक मूल्याङ्कन विषयको एक शैक्षिक सत्रमा आन्तरिक र वाह्य (उपलब्धि) परीक्षा कति पटक गराउनु हुन्छ ?

| सि.नं. | परीक्षाको प्रकार | आन्तरिक वाह्य | समय अवधि फरक |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

८. हाल कक्षा १२ मा शैक्षणिक मूल्याङ्कन विषय लिई अध्ययनरत विद्यार्थीहरुले औषत उपलब्धि (कक्षा १२ मा) कुन विषयको राम्रो रहेको छ ?

क) अनिवार्य विषयमा ख) शिक्षा विषयमा ग) अन्य विषयमा

९. विद्यालयको उपलब्धिको जानकारी अभिभावकलाई कसरी दिनु भएको छ ?

.............................................................................................................

.............................................................................................................

१०. शैक्षणिक मूल्याङ्कन अध्यापन गराउन शैक्षिक सामग्रीको व्यवस्था कस्तो छ ?

क) ठीक ठीकै छ ख) पर्याप्त ग) कम छ

११. शैक्षणिक मूल्याङ्कन विषय पढाउनका लागि छुट्टै कोठाको व्यवस्था गर्नु भएको छ ?

क) छ ख) छैन

१२. विद्यार्थीको अभिलेखहरु राख्नु भएको छ ?

क) ....................... ख) .............................

१३. यदि छ भने अभिलेखको नाम के के हुन् ?

क) ......................... ख) ............................

१४. विद्यार्थीको श्रेणीकरण गर्नु भएको छ ?

क) छ ख) छैन

१५. विद्यार्थीको उपलब्धिको आधारमा विद्यार्थीहरुलाई पुरस्कृत गर्नु भएको छ ?

क) छ ख) छैन

१६. अभिभावक, संचालक र प्रशासन बीचका सम्बन्ध कस्तो छ ?

क) ठीकै छ ख) राम्रो छ ग) एकदम राम्रो छ

१७. अभिभावकहरुको आलोचना, सुझाव तथा सहयोग कतिको आउँछ ?

क) अति कम ख) धेरै ग) आउँदैन

१८. तपाईको उ.मा.वि. मा शैक्षणिक मूल्याङ्कन विषयको उपलब्धि परीक्षामा कुनै प्रशासनिक समस्याहरु देखा परेका छन् ?

क) छ ख) छैन

१८.१ यदि छन् भने ती के के हुन् ?

क) ………………… ख) …………………… ग) …………………

१८.२ ती समस्याहरु कसरी हटाउन सकिन्छ ?

क) ………………… ख) …………………… ग) …………………

१९. विदार्थीको शैक्षिक उपलब्धि लगानी अनुसार कस्तो पाउनु भएको छ ?

क) सन्तोषजनक ख) उच्च ग) न्यून

२०. विद्यालयमा प्रशासनलाई शिक्षक साथीहरुबाट कतिको सहयोग पाउनु भएको छ ?

क) धैरै ख) ठीकै ग) पर्याप्त

२१. शैक्षणिक मूल्याङ्कन अध्यापनका क्रममा आउने समस्याका बारे विषय शिक्षकबाट जानकारी लिने गर्नु भएको छ ?

क) छ ख) छैन

२२. ति समस्याहरु कसरी हटाउन पहल गर्नु भएको छ ?

क) ………………… ख) …………………… ग) …………………

२२.१ छन् भने के के हुन् ?

क) ………………… ख) …………………… ग) …………………

२२.२ समस्या समाधान गर्ने उपायहरु के के होला ?

क) …………………………………………………………………………………

ख) …………………………………………………………………………………

ग) …………………………………………………………………………………

२३. अघिल्लो वर्ष कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको उपलब्धि परीक्षाको शैक्षणिक मूल्याङ्कन विषयको प्राप्ताङ्क कस्तो छ ?

| क्र.सं. | विद्यार्थीको नाम | पूर्णाङ्क १०० मा प्राप्ताङ्क |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची- २

## शैक्षणिक मूल्याङ्कन विषय अध्यापन गर्ने शिक्षकलाई अन्तर्वार्ताका लागि प्रश्नावली

विद्यालयको नाम : ..........................................................................

ठेगानाः ......................................................................................

विषय शिक्षक/शिक्षिकाको नाम : ......................................................

ठेगानाः ......................................................................................

शैक्षिक योग्यता : ........................................ स्थायी : ....................

तालिम : ............................................ अस्थायीः ..........................

शिक्षण अनुभव : ....................................................................

१. कक्षा १२ मा शैक्षणिक मूल्याङ्कन विषय राखिनुको उद्देश्य के होला ?

क) ..................... ख) ....................... ग) .....................

२. कक्षा १२ मा यस विद्यालयमा शैक्षणिक मूल्याङ्कन विषय राखिनुका कारणहरु के के हुन् ?

क) ..................... ख) ....................... ग) .....................

३. कक्षा १२ मा शैक्षणिक मूल्याङ्कन विषयमा राखिएका विषयवस्तु तह अनुसार पर्याप्त छ ?

क) छन् ख) छैनन् ग) थपघट गर्नुपर्छ

घ) समसामयिक विषयवस्तु समेटिनु पर्छ

४. तपाईसँग उच्च मा.वि. को पाठ्यक्रम छ ?

क) छ ख) छैन

४.१ यदि छ भने पाठ्यक्रमको प्रयोग कुन रुपमा गर्नु भएको छ ?

क) ..................... ख) ....................... ग) .....................

४.२ यदि छैन भने तपाईले किन नलिनु भएको ?

क) ..................... ख) ....................... ग) .....................

५. तपाईले अध्यापनका क्रममा सबैभन्दा बढी कुन शिक्षण विधि प्रयोग गर्नु हुन्छ र किन ?

क) ..................... ख) ....................... ग) .....................

किनभने ..........................................

६. तपाईले शिक्षण योजना बनाउने गर्नु भएको छ ?

क) छ ख) छैन

६.१ छ भने कुन कुन शैक्षिक योजना निर्माण गर्नु हुन्छ ?

क) ………………… ख) …………………… ग) …………………

७. तपाईले विशिष्टिकरण तालिका निर्माण र प्रयोग गर्नु भएको छ ?

क) छ ख) छैन

७.१ छैन भने उपलब्धि परीक्षण गर्न प्रश्न पत्र कसरी निर्माण गर्नुहुन्छ ?

क) ………………… ख) …………………… ग) …………………

८. विद्यार्थीहरुलाई शैक्षिक भ्रमणमा लानु हुन्छ ?

क) लगिन्छ ख) लगिदैन

८.१ लगिन्छ भने तपाईको शैक्षिक भ्रमण लानुको उद्देश्य के के हुन् ?

क) ………………… ख) …………………… ग) …………………

९. प्रत्येक पाठको अन्त्य पछि विद्यार्थी मूल्याङ्कन गर्न मौखिक प्रश्न सोध्नु भएको छ ?

क) ख) छैन

१०. सिकाई उपलब्धि परीक्षण गर्न के कस्ता प्रश्नहरुको प्रयोग गर्नु भएको छ ?

क) ………………… ख) …………………… ग) …………………

११. एक शैक्षिक शत्रमा विद्यार्थीको शैक्षिक प्रगतिको मापन कसरी कति पटक गर्नु भएको छ ?

| क.सं. | मापनको प्रकार | मापनको तरिका | पटक |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |

१२. शैक्षणिक मूल्याङ्कन विषयसँग सम्बन्धित अतिरिक्त क्रियाकलाप आयोजना गर्नुहुन्छ ?

क) गरिन्छ ख) गरिँदैन ।

१२.१ गरिन्छ भने कस्ता कार्यक्रमहरु संचालन गराउनु भएको छ ?

क) ………………… ख) …………………… ग) …………………

१३. विद्यालयको प्रशासकीय र व्यवस्थापकीय पक्षले तपाईको अध्यापनमा के कस्तो सहयोग पुऱ्याई रहेको छ ?

क) ………………… ख) …………………… ग) …………………

१४. यस विषयको अध्यापनका लागि उपयुक्त वातावरण विद्यालयमा छ ?

क) छ ख) छैन

१४.१ यदि छ भने के के कारणले समस्या भएको छ ?

क) ………………… ख) …………………… ग) …………………

१४.२ ती समस्याहरु समाधान गर्न विद्यालयले के कस्तो प्रयास गर्नुपर्छ ?

क) ………………… ख) …………………… ग) …………………

१५. विद्यार्थीलाई गृहकार्य कसरी दिनु हुन्छ ?

क) प्रत्येक पाठको अन्त्यमा ख) प्रत्येक एकाईको अन्त्यमा

ग) हप्ताको एक पटक घ) महिनाको एक पटक

१६. दिएको गृहकार्य कति प्रतिशत विद्यार्थीले गर्दछन् ?

क) १००% ख) ५०% ग) ७५% घ) २५%

१७. शिक्षण सिकाई क्रियाकलापमा औषत रुपमा विद्यार्थीको सहभागिता कस्तो पाउनु भएको छ ?

क) सन्तोषजनक ख) न्यून ग) राम्रो

१७.१ यदि न्यून छ भने त्यसको कारण के के होला ?

क) ………………… ख) …………………… ग) …………………

१८. विद्यार्थीलाई सक्रिय पारी शिक्षण सिकाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

क) ………………… ख) …………………… ग) …………………

१९. शैक्षणिक मूल्याङ्कन विषयसँग सम्बन्धी कुनै गोष्ठी तथा कार्यक्रम वा तालिममा भाग लिनु भएको छ ?

क) छ ख) छैन

१९.१ यदि छ भने त्यसले शिक्षण सिकाईमा कस्तो किसिमको प्रभाव पारेको छ ?

क) ………………… ख) …………………… ग) …………………

२०. तपाईले विद्यार्थीको शैक्षिक उपलब्धि परीक्षण गर्दा कुनै कठिनाइ आईपरेको छ ?

क) छ ख) छैन

२०.१ यदि छ भने ती समस्याहरु के के हुन् ?

क) ………………… ख) …………………… ग) …………………

२१. तपाईको विचारमा माथि उल्लेखित समस्याहरु समाधान गर्न के गर्नु पर्ला ?

क) ………………… ख) …………………… ग) …………………

# अनुसूची- ३

## विद्यार्थीहरुलाई सोध्ने प्रश्नावली

उ.मा.वि.को नामः ....................................................................

ठेगानाः .............................................................................................

विद्यार्थीको नामः ..........................................................................

ठेगानाः ...........................................................................................

संकाय : .................................... तह : ............................................

१. तपाईले शैक्षणिक मूल्याङ्कन विषय अध्ययन गर्नुको उद्देश्य के के हुन् ?

क) ..................... ख) ....................... ग) .....................

२. शैक्षणिक मूल्याङ्कन पढ्नु अघि र पछि तपाईको शैक्षिक क्रियाकलापमा कस्तो प्रभाव परेको छ ?

क) ..................... ख) ....................... ग) .....................

३. तपाईले शैक्षणिक मूल्याङ्कन विषय पढ्न थालेपछि कुनै शिक्षण, गर्नु पर्दा योजना बनाएर वा नबनाईकन गर्नु हुन्छ ?

क) ..................... ख) ....................... ग) .....................

४. शैक्षणिक मूल्याङ्कनले तपाईलाई के के कुरामा फाइदा पुगेको छ ?

क) ..................... ख) ....................... ग) .....................

५. तपाईले शैक्षणिक मूल्याङ्कन अध्ययनबाट कतिको मितव्ययी हुन सिक्नु भएको छ ?

क) ..................... ख) ....................... ग) .....................

६. शैक्षणिक मूल्याङ्कन अध्ययन पश्चात तपाईले परिवारको शैक्षिक क्रियाकलापमा कतिको सहयोग गर्नु भएको छ ?

क) ..................... ख) ....................... ग) .....................

७. शैक्षणिक मूल्याङ्कन विषय अध्ययन गर्न कतिको सजिलो वा गाह्रो भइरहेको छ ?

क) सजिलो ख) गाह्रो

८. यदि गाह्रो छ भने के कति कारणले ?

क) ..................... ख) ....................... ग) .....................

९. हालको शैक्षणिक मूल्याङ्कन विषयमा राखिएको विषयवस्तु पर्याप्त छ वा थपघट गर्नु पर्दछ ?

क) पर्याप्त छ ख) थपघट गर्नुपर्छ

१०. तपाईले शैक्षणिक मूल्याङ्कन विषय नपढ्ने साथीहरुको शिक्षण क्रियाकलापमा के कति सहयोग, सल्लाह तथा सुझाव दिईरहनु भएको छ ?

क) ..................... ख) ....................... ग) .....................

११. अध्ययन सकिए पछि तपाई कस्तो प्रकारको पेशा गर्न चाहानु हुन्छ ?

क) व्यापार ख) सेवा वा नोकरी ग) शिक्षण

# अनुसूची - ४

## अभिभावकका लागि सोधिएका प्रश्नहरु

अभिभावकको नामः ..............................................................................

ठेगानाः ........................................................................................

पेशा : ........................................................................................

उमेर : .......................................................................................

विद्यार्थीको नामः ..........................................................................

१. तपाईको छोरालाई उ.मा.वि. मा पढाउनुको उद्देश्य के होला ?

क) राम्रो जागिर पाउन

ख) साथीहरुसँग चिनजान गराउन

ग) छरछिमेकीका छोराछोरीहरु पढ्न गएकोले

२. तपाईको छोराछोरीलाई उच्च शिक्षा पढाई सकेपछि कस्तो काममा संलग्न गराउनु हुन्छ ?

क) सरकारी जागिर ख) कुनै सानो तिनो उद्योग

ग) व्यापार व्यवसाय घ) विदेश पठाउन

३. तपाईको छोरा/छोरी उच्च शिक्षा हासिल गर्न थालेपछि तपाईको आर्थिक क्रियाकलापमा कस्तो किसिमको सहयोग आदान प्रदान भएको छ ?

क) ..................... ख) ....................... ग) .....................

४. तपाईको छोरा/छोरीबाट छरछिमेकीको साक्षरता वृद्धि गर्न कस्तो किसिमको सल्लाह दिने गर्दछन् ?

क) ..................... ख) ....................... ग) .....................

५. तपाईले छोरा/छोरीको पढाईमा कतिको सहयोग पुऱ्याइरहनु भएको छ ?

क) ..................... ख) ....................... ग) .....................

६. तपाईको आर्थिक अवस्था कस्तो छ ?

क) ठीकै छ ख) राम्रो छ

७. तपाईको पेशा के हो ?

क) जागिर ख) कृषि ग) व्यापार

८. तपाईको शैक्षिक योग्यता कति छ ?

.........................................................................................

९. तपाई विद्यालयमा (कलेजमा) महिनामा कति पटक पुग्नु हुन्छ ?

क) फुर्सत छैन ख) १, २ पटक ग) धेरै पटक

१०. कलेजको शैक्षिक अवस्था सुधार्न के कस्तो सल्लाह तथा सुझाव दिनु हुन्छ ?

क) ..................... ख) ....................... ग) .....................

## अनुसूची- ५
## विषय शिक्षकको लागि कक्षा अवलोकन फाराम

उ.मा.वि.को नाम/ठेगानाः ..........................................................

शिक्षक/शिक्षिकाको नामः ........................................................... मितिः-

पाठ शीर्षकः- विद्यार्थी संख्या.- ..................................................... घण्टीः-

एकाईः-

समयः-

| क्र.सं. | विवरण | अति उत्तम ५ | उत्तम ४ | राम्रो ३ | सामान्य २ | न्यून १ |
|---|---|---|---|---|---|---|
| १ | समयमा शिक्षकको कक्षामा उपस्थिति | | | | | |
| २ | दैनिक पाठयोजना निर्माण तथा प्रयोग | | | | | |
| ३ | कक्षा व्यवस्थापन | | | | | |
| ४ | विषयवस्तु अनुसार शिक्षण विधि | | | | | |
| ५ | पाठ सम्बन्धी शैक्षिक सामग्री | | | | | |
| ६ | विद्यार्थीको सहभागिता उत्सुकता | | | | | |
| ७ | अघिल्लो पाठको पुनरावलोकन | | | | | |
| ८ | शिक्षकको अध्यापन गर्ने शैली | | | | | |
| ९ | पाठको अन्तमा मूल्याङ्कन | | | | | |
| १० | उद्देश्य अनुसार प्रश्नहरु | | | | | |
| ११ | विद्यार्थीबाट प्राप्त भएका उत्तरका आधारमा पृष्ठपोषण | | | | | |
| १२ | शिक्षणमा उदाहरणको उपयुक्तता | | | | | |
| १३ | गृहकार्य निरीक्षण | | | | | |

कक्षा अवलोकनकर्ताको नामः ...........................

दस्तखतः

मितिः

# अनुसूची- ६

## विद्यार्थीहरुको उपलब्धि सम्बन्धी विवरण

| उ.मा.वि.को नाम | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|
| श्री सरस्वती उ.मा.वि. | १ | कमला जोशी | १८ |
| | २ | कोपिला बोहरा | २४ |
| | ३ | हजारी धामी | २८ |
| | ४ | कविता कुँवर | ३१ |
| | ५ | बिमला कार्की | २१ |
| | ६ | नरेश धामी | २६ |
| | ७ | डम्मर कार्की | १९ |
| | ८ | हर्क बोहरा | २६ |
| | ९ | नर ब. वि.क. | २९ |
| | १० | केशव नाथ | २३ |
| सुनकुडा उ.मा.वि. | ११ | पार्वती विष्ट | २५ |
| | १२ | प्रमिला अधिकारी | २६ |
| | १३ | शोभा मल्ल | १७ |
| | १४ | राजमती विष्ट | २५ |
| | १५ | जानकी बोहरा | ३३ |
| | १६ | जयराम अवस्थी | ३४ |
| | १७ | जनक स्यांडा | ३२ |
| | १८ | केशव विष्ट | २४ |
| | १९ | विर ब. बोहरा | २६ |
| | २० | हर्कराज जोशी | २१ |
| केदार उ.मा.वि. | २१ | कमला सिंह | २७ |
| | २२ | शोभा सिंह | ३२ |
| | २३ | जानुका विष्ट | २५ |
| | २४ | रमिला बोहरा | २९ |
| | २५ | पार्वती खडायत | ३५ |
| | २६ | नवराज जोशी | ३२ |
| | २७ | नयन सिंह | २३ |
| | २८ | बहादुर बि.क. | २१ |
| | २९ | नर ब. बोहरा | २६ |
| | ३० | मुना सिंह | २२ |
| महादेव उ.मा.वि. | ३१ | राधिका कुँवर | २४ |
| | ३२ | प्रेमजला कार्की | २६ |
| | ३३ | कमला सिंह | १९ |
| | ३४ | चन्द्रावती जोशी | २५ |
| | ३५ | जगदिश कुँवर | २६ |
| | ३६ | मदन भण्डारी | २२ |
| | ३७ | पदम सिंह | २० |
| | ३८ | विरेन्द्र बोहरा | २६ |
| | ३९ | रमेश ऐडी | २५ |
| | ४० | प्रेम विष्ट | २३ |

अनुसूची- ७

**छनोटमा परेका उ.मा.वि.हरु**

| क.सं. | उ.मा.वि.को नाम | ठेगाना |
|---|---|---|
| १ | सरस्वती उ.मा.वि. | खिरातडी-८, बभ्फाङ्ग |
| २ | सुनकुडा उ.मा.वि. | सुनकुडा-९, बभ्फाङ्ग |
| ३ | केदार उ.मा.वि. | देउलीकोट-५, बभ्फाङ्ग |
| ४ | महादेव उ.मा.वि. | कपलसेरी-२, बभ्फाङ्ग |

**छनोटमा परेका प्राचार्य/क्याम्पस प्रमुखहरु**

| क.सं. | उ.मा.वि.को नाम | प्राचार्यको नाम | शैक्षिक योग्यता | तालिम | शिक्षण अनुभव | |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती | जनकराज जोशी | M.Ed. | १० महिने रेडियो | १८ वर्ष | पुरुष |
| २ | सुनकुडा | प्रजापति भट्ट | M.Ed. | | १४ वर्ष | पुरुष |
| ३ | केदार | ललित ब. सिंह | M.A. | | १० वर्ष | पुरुष |
| ४ | महादेव | कर्ण ब. कुँवर | M.Ed. | १० महिने रेडियो | २० वर्ष | पुरुष |

**छनोटमा परेका शिक्षकहरु**

| क.सं. | उ.मा.वि.को नाम | शिक्षकको नाम | शैक्षिक योग्यता | तालिम | शिक्षण अनुभव | |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती | लोकेन्द्र ब. धामी | M.Ed. नेपाली | - | ७ वर्ष | पुरुष |
| २ | सुनकुडा | लाल ब. स्याडा | M.Ed. पाठ्यक्रम तथा मूल्याङ्कन | - | ४ वर्ष | पुरुष |
| ३ | केदार | केशव बोहरा | M.A. अंग्रेजी शिक्षा | - | ५ वर्ष | पुरुष |
| ४ | महादेव | गणेश भण्डारी | M.A. B.Ed. जनसंख्या | - | २ वर्ष | पुरुष |